# योग्यकार्ता सिद्धान्तहरू

यौनिक झुकाव र लैङ्गीक पहिचानको सम्बन्धमा अन्तर्राष्ट्रिय
मानव अधिकार कानून उपयोगका सिद्धान्तहरु

अँग्रेजी सँस्करण नै आधिकारिक प्रकाशन हो । अरबी, चाईनीज, फ्रान्सेली, र रसियाली तथा स्पयानिस भाषामा यसको औपचारिक अनुवादहरु उपलब्ध छ ।

मार्च २००७

# विषयसूची


| | | |
|---|---|---|
| | परिचय | |
| | प्रस्तावना | |
| सिद्धान्त (१) | विश्वव्यापी मानवअधिकारको उपभोग गर्न पाउने अधिकार | १ |
| सिद्धान्त (२) | समानता र भेद्भाव विरुद्धको अधिकार | |
| सिद्धान्त (३) | कानूनका अगाडि मान्यताको अधिकार | |
| सिद्धान्त (४) | बाँच्न पाउने अधिकार | |
| सिद्धान्त (५) | वैयक्तिक सुरक्षाको अधिकार | |
| सिद्धान्त (६) | गोपनियताको अधिकार | |
| सिद्धान्त (७) | जबर्जस्ती स्वतन्त्रता खोस्ने विरुद्धको अधिकार | |
| सिद्धान्त (८) | निष्पक्ष सुनुवाइको अधिकार | |
| सिद्धान्त (९) | नजरबन्द/कैद रहँदाको अवस्थामा मानविय व्यवहारको अधिकार | |
| सिद्धान्त (१०) | यातना, क्रुर अमानवीय र अपमानजन्य सजाय वा व्यवहार विरुद्धको अधिकार | |
| सिद्धान्त (११) | सबैखाले शोषण, बेचविखन र तस्करी विरुद्धको अधिकार | |
| सिद्धान्त (१२) | कामको अधिकार | |
| सिद्धान्त (१३) | सामाजिक सुरक्षा र अन्य सामाजिक संरक्षणका उपायहरुको अधिकार | |
| सिद्धान्त (१४) | स्तरीय जीवन बाँच्न नपाउने अधिकार | |
| सिद्धान्त (१५) | पर्याप्त आवासको अधिकार | |
| सिद्धान्त (१६) | शिक्षाको अधिकार | |
| सिद्धान्त (१७) | स्वस्थ रहने अधिकार | |
| सिद्धान्त (१८) | स्वास्थ्यगत दुर्व्यवहारबाट संरक्षणको अधिकार | |
| सिद्धान्त (१९) | विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार | |
| सिद्धान्त (२०) | शान्तिपूर्ण भेला र संघसंस्थाको अधिकार | |
| सिद्धान्त (२१) | धर्म नैतिकता र आदर्शको स्वतन्त्रता प्राप्तिको अधिकार | |
| सिद्धान्त (२२) | स्वतन्त्रतापूर्वक आवतजावत गर्ने अधिकार | |
| सिद्धान्त (२३) | शरण खोज्ने अधिकार | |
| सिद्धान्त (२४) | परिवार बसाउने अधिकार | |
| सिद्धान्त (२५) | सार्वजनिक जीवनमा सहभागी हुने अधिकार | |
| सिद्धान्त (२६) | सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार | |
| सिद्धान्त (२७) | मानव अधिकार प्रवर्धन गर्ने अधिकार | |
| सिद्धान्त (२८) | प्रभावकारी उपचार र सम्बोधनको अधिकार | |
| सिद्धान्त (२९) | उत्तरदायित्व | |
| | अतिरिक्त सुझावहरु | |
| | जकार्ता सिद्धान्तप्रति हस्ताक्षर गर्नेहरु | |

# योग्यकार्ता सिद्धान्तको परिचय

२००६ बाट योगाकार्ता सिद्धान्तहरु पारित भए देखि नै विविध यौन अभिमुखिकरण र लैङ्गीक पहिचान भएका ब्यक्तिहरुको मानव अधिकारको आधिकारिक बक्तब्यलाई अगाडी बढाए । त्यही अवधि देखि नै विविध यौन अभिमुखिकरण र लैङ्गीक पहिचान भएका ब्यक्तिहरुको अन्तराष्ट्रिय मानव अधिकार कानुन र यो सम्झौतालाई भङ्ग गर्ने यी दुवै कुराहरुमा महत्वपुर्ण विकाश देखिएको छ, यसका साथै लैङ्गिक अभिब्यक्ति, यौन विशेषतामा आधारित कुराहरुले प्रभावित ब्यक्तिहरुलाई स्पष्ट रुपमा अपमान गरिएका कुराहरुले पनि महत्व पाएको छ ।

योग्यकार्ता सिद्धान्तहरु + १० (YP+10) ले समुहगत रुपमा अतिरिक्त सिद्धान्तहरु र राज्यको उत्तरदायित्वको अवधारणालाई लिएर हाल सम्म भएका विकाशहरुको लिखित रुपमा राख्ने र विस्तृत रुपमा वर्णन गर्ने लक्ष्य लिएको छ । YP+10 लाई २९ वटा मौलिक योगाकार्ता सिद्धान्तहरुसंगै अध्ययन गर्नुपर्दछ । यसरी अध्ययन गर्दा् यस दस्तावेजले आधिकारिक र विशेषज्ञको रुपमा अन्तराष्ट्रिय मानव अधिकार कानुनले हाल लागु गरेका यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति, यौन विशेषताका आधारहरुको ब्याख्या गर्दछ ।

योगाकार्ता सिद्धान्तहरु जोड १० दस्तावेजले २९ वटा मौलिक योगाकार्ता सिद्धान्तहरुको थप भागको रुपमा कार्य गर्दछ । र बास्तवमा ती सिद्दान्तहरुको प्रस्तावना अनुच्छेद ९ को मुल कारण तल उल्लेखित गरिए अनुसार छ :

"अन्तराष्ट्रिय मानव अधिकार कानुनका भनाईले यो तथ्यलाई स्वीकार गर्दछ की यो अन्तराष्ट्रिय मानव अधिकार कानुन वर्तमान अवस्थामा निर्भर हुनु पर्दछ र यस कानुनलाई लागु गर्न समयको अन्तरालमा विविध यौन अभिमुखिकरण र लैङ्गिक पहिचान भएका ब्यक्तिहरुको विशेष जिवन र अनुभवको आधारमा र विविध क्षेत्र र देशहरुको समय क्रमसंगै भईरहेका विकाशलाई मध्यनजर गरेर नियमित रुपमा परिमार्जन गर्दै लानुपर्नेछ", ।

यी ९ वटा अतिरिक्त सिद्धान्तहरु र १११ वटा अतिरिक्त राज्यका दायित्वहरुले यस सम्झौताबाट प्रकट भएका उल्लंघनले गर्दा यौन अभिमुखिकरण र लैङ्गिक पहिचानको कारणले समस्या भोग्नु परेको ब्यक्तिहरु र स्पष्टसंग लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति सम्बन्धि मान्यता पाएका अन्तराष्ट्रिय मानव अधिकार कानुनका मुल बाटोका विकाशहरुबाट प्रकट भएका भनाईहरु र अधिकारहरु लाई समेटदछ ।

योग्यकार्ता सिद्धान्तहरुको १०औं बार्षिकोत्सवको उपलक्ष्यमा मानव अधिकारको लागी अर्न्तराष्ट्रिय सेवा र ARC International ले विशेषज्ञ र नागरिक समाज

सरोकारवालाहरुसंग परामर्श गरी योग्यकार्ता सिद्धान्त + १० को दस्तावेज बनाउन मस्यौदा समितिको स्थापना गरेको हो ।

नागरिक समाज र संस्थाका प्रतिनिधिहरु मिलेर बनेको सचिवालयले यसका सम्पुर्ण प्रक्रियाहरुलाई सहयोग गरेको थियो । मस्यौदा समितिको नियुक्ति गरेर विभिन्न सुझावहरुलाई पेश गर्न खुला आव्हान गरी यसको नतिजा सुनिश्चित गर्न अन्तराष्ट्रिय मानव अधिकार कानुनको विकाश र जिवन्त अनुभवद्धारा सुचित गरेको छ । सम्पुर्ण पेश भएका सुझावहरुलाई चित्रण गरेर साथै सान्दर्भिक अनुसन्धान र विशेषज्ञहरुको राय अनुसार मस्यौदा समितिले तयार पारेको मस्यौदामाथि आवश्यक छलफल गरिएको थियो र प्रचुर मात्रामा विस्तारपुर्वक वर्णन गरिएको थियो र सन् २०१७ सेप्टेम्बर १८–२० जेनेभामा भएको विशेषज्ञहरुको बैठकबाट पारित गरिएको थियो । विशेषज्ञहरुको समुहमा सबै भौगोलिक क्षेत्र, कानुनको विभिन्न तहबाट, विविध यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएका ब्यक्तिहरुको सहभागीता थियो ।

योग्यकार्ता सिद्धान्त + १० विभिन्न क्षेत्रका सरोकारवालाहरुको खुला परामर्शद्वारा निचोडमा निस्केका तथ्यहरुले बनेको छ, र यो दस्तावेजले यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुमा आधारित भएका ब्यक्तिहरुले आफनो अधिकारको उल्लंघन भएका अनुभवहरु, मुख्य सवालहरु र विकाशहरुको बारेमा चित्रण गर्दछ ।

योगाकार्ता सिद्धान्त जोड १० दस्तावेज वर्तमान अर्न्तराष्ट्रिय कानुनी मापदण्डको पुष्टी हो, यसकारण यो दस्तावेज यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुमा आधारित भएका ब्यक्तिहरु सम्पुर्णमा लागु हुन्छ । राज्यले यस दस्तावेजमा उल्लेख गरिएका सिद्धान्तहरुलाई कानुनी दायित्व र विश्वब्यापी मानव अधिकारप्रति प्रतिबद्धता जाहेर गर्ने दुवै पक्षको अनिवार्य रुपमा पालना गर्नु पर्दछ ।

**मस्यौदा समितिका सदस्यहरुको नामावलिः**

माउरो क्याब्रल ग्रीन्सप्यान

मोर्गन कारपेन्टर

जुलिया एहर्ट

शेहेरेजाद कारा

अरबिन्द नाराईन

पुजा पटेल

क्रिस सिदोती

मोनिका तेवेङ्गवा

*हामी, अन्तराष्ट्रिय मानव अधिकार कानुन, यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषतामा आधारित समुहका ब्यक्तिहरुको दोस्रो अन्तराष्ट्रिय विशेषज्ञहरुको समुह*

## प्रस्तावना

योग्यकार्ता सिद्धान्तहरुलाई स्मरण गर्दै यौन अभिमुखिकरण र लैङ्गिक पहिचानको सम्बन्धमा अन्तराष्ट्रिय मानव अधिकार कानुनको उपयोगिता सन् २००६ नोभेम्बरमा पारित भयो, यस दस्तावेजले प्रस्तावना अनुच्छेदको रुपमा योगाकार्ता सिद्दान्तहरु अन्तराष्ट्रिय कानुनको वर्तमान अवस्थामा निर्भर हुनु पर्दछ र यस कानुनलाई लागु गर्न समयको अन्तरालमा विविध यौन अभिमुखिकरण र लैङ्गिक पहिचान भएका ब्यक्तिहरुको विशेष जिवन र अनुभवको आधारमा र विविध क्षेत्र र देशहरुको समय क्रमसंगै भईरहेका विकाशलाई मध्यनजर गरेर नियमित रुपमा परिमार्जन गर्दै लानुपर्नेछ, ।

योग्यकार्ता सिद्धान्तहरु पारित भए देखि नै यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषता सम्बन्धि सवालहरु अन्तराष्ट्रिय मानव अधिकार कानुन र न्याय शास्त्रमा महत्वपुर्ण विकाश भएको तथ्यलाई उल्लेख गरिएको छ ।

योग्यकार्ता सिद्धान्तहरुलाई स्मरण गर्दै यौन अभिमुखिकरण र लैङ्गिक पहिचानलाई यसरी परिभाषित गरिएको छः

लैङ्गिक अभिब्यक्तिको बुझाईलाई ब्यक्तिको लैङ्गिक पहिचान, ब्यक्तिको प्रस्तुती र शारिरीक रुपरङ्गको आधारमा हेरिन्छ । यस अर्न्तगत लवाई, कपालको फेशन, बस्तुहरु, श्रृङ्गार सामाग्री र चालचलन, बोली, ब्यवहार गर्ने ढाँचा, नाम र ब्यक्तिगत सन्दर्भ आदी पर्दछन् । लैङ्गिक अभिब्यक्तिले ब्यक्तिको लैङ्गिक पहिचानलाई निश्चित गर्न र नगर्न पनि सक्दछ भन्ने कुरालाई अगाडी ख्याल राख्नु पर्दछ ।

लैङ्गिक अभिब्यक्तिलाई ख्याल गर्दै योग्यकार्ता सिद्धान्तहरुमा लैङ्गिक पहिचानको परिभाषालाई समावेश गरिएको छ । उदाहरणका लागी लैङ्गिक पहिचान सम्बन्धि सबै सान्दर्भिक कुराहरु सुरक्षा आधारको समावेशी लैङ्गिक अभिब्यक्तिको रुपमा बुझनु पर्दछ ।

लैङ्गिक विशेषताको बुझाई भन्नाले प्रत्येक ब्यक्तिको यौन सम्बन्धि शारिरीक विशेषता हो, यस अर्न्तगत जननेन्द्रिय, अरु यौन र प्रजनन सम्बन्धि शारिरीक संरचना, गुणसुत्र, हर्मोन र यौवन आरम्भ भएको अवस्थाको कारणले निम्तयाउने शारिरीक परिवर्तनहरु हुन्छन् ।

अर्न्तराष्ट्रिय न्यायशास्त्रमा मानव अधिकार उल्लंघन र सो को सुरक्षाको लागी यौन विशेषताको स्पष्ट आधार उल्लेख गरिएको छ र यस कुरालाई मान्यता दिदै योगाकार्ता सिद्धान्तहरु समानुपातिक रुपमा यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र लैङ्गिक अभिब्यक्तिको आधारमा लागु भए जस्तै यौन विशेषताको आधारमा पनि लागु हुन्छ । यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु, बास्तविक, महशुश गरिएको र यौन अभिमुखिकरण भनि ठानिएको, लैङ्गिक पहिचान र लैङ्गिक अभिब्यक्ति र यौन विशेषता यस अर्न्तगत समावेश भएका हुन्छन् ।

विविध यौन अभिमुखिकरणहरु, लैङ्गिक पहिचानहरु, लैङ्गिक अभिब्यक्तिहरु र यौन विशेषताहरु भएका ब्यक्तिहरु र यस अर्न्तगतको जनसंख्याको आवश्यकता, विशेषता र मानव अधिकारको अवस्था

एक अर्कासंग भिन्न हुन्छन् भन्ने तथ्यलाई मान्यता दिनुपर्दछ ।

यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु स्पष्ट रुपमा भिन्न छन् भन्ने कुरालाई बिचार गर्नुपर्दछ र भेदभावका आधारहरुसंग सम्बन्धित छन् साथै हुन पनि सक्दछन

जाती, जनजाती, आदीबासी, यौन, लिङ्ग, भाषा, आस्था, राजनितिक अथवा अन्य बिचार, राष्ट्रियता, राष्ट्र अथवा सामाजिक उत्पत्ति, आर्थिक र सामाजिक अवस्था, जन्म, उमेर, अपाङ्गता, स्वास्थ्य (एचआईभिको अवस्था समेत) वैवाहिक र पारिवारिक अवस्था, मानव अधिकारको समर्थन गर्ने र अन्य अवस्था समेतका आधारहरु भेदभावसंग जोडिएका हुन्छन् ।

हिंसा, भेदभाव र अन्य यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुको उल्लेख गर्दै यसमा आधारित नकारात्मक कुराहरुले निरन्तर बहुआयामिक, अन्तरसम्बन्धित र दोहारीरहने आकृति, निजी देखि सर्वसाधारण, प्राविधक रुपमा मिलाईएको ब्यवस्था आदीलाई स्पष्टसंग देखाउदछ र यसले समकालिन फैलिएको विश्वमा राष्ट्रिय सिमालाई नाघेको छ ।

हिंसा, भेदभाव र अन्य यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुलाई पहिचान गरेर यसमा आधारित नकारात्मक कुराहरुले ब्यक्तिगत साथै सामुहिक धरातललाई समेटेको छ र यसले ब्यक्तिलाई, मानविय विविधतामा,

विश्वब्यापकतामा र अविभाज्य मानव अधिकार आदिलाई लक्षित गरि हिंसा र भेदभावको क्षेत्रमा कार्य गर्दछ ।

अतिरिक्त सिद्धान्तहरुलाई स्वीकार गरी राज्यको दायित्वहरु र सुझावहरु वर्तमान अर्न्तराष्ट्रिय मानव अधिकार कानुनमा निर्भर रहेका छन् र यस कानुनलाई लागु गर्न समयको अन्तरालमा विविध यौन अभिमुखिकरण र लैङ्गिक पहिचान भएका ब्यक्तिहरुको विशेष जिवन र अनुभवको आधारमा र विविध क्षेत्र र देशहरुको समय क्रमसंगै भईरहेका विकाशलाई मध्यनजर गरेर नियमित रुपमा कानुनी, बैज्ञानिक र सामाजिक विकाशहरुलाई बिचार गर्दै परिमार्जन गर्नु आवश्यक छ, ।

**विशेषज्ञहरुको परामर्शलाई अनुशरण गर्दै र जेनेभा, स्वीटजरल्याण्डमा सेप्टेम्बर १८ देखि २०, २०१७ मा विशेषज्ञहरुको बैठक र यसै बैठकद्धारा पारित सिद्धान्तहरु, यसो गर्नाले:**

२००६ मा तयार पारिएको शुरुको २९ वटा योगाकार्ता सिद्धान्तहरुलाई निरन्तर वैधताको लागी पुष्टी गर्दछ ।

यी अतिरिक्त सिद्धान्तहरु, राज्यको दायित्वहरु र सुझावहरुलाई शुरुको योगाकार्ता सिद्धान्तहरुको पुरक रुपमा घोषणा गरिएको छ ।

स्मरणीय छ, सबै व्यक्ति जन्मजात सम्मान एवम् अधिकारमा स्वतन्त्र र समान छन् तथा जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अरु विचार, राष्ट्रिय अथवा अन्य अधिस्थानका आधारमा कुनै पनि भेद्भाव विना मानव अधिकारको उपयोगको हकदार हुन्छन् ।

**यो कुरा स्वीकार्नु पर्छ की, यस्ता अभिव्यक्तिहरु विद्यमान अन्तर्राष्ट्रिय मानव अधिकार कानून सङ्गत रहेको हुँदा, अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको विस्तार सँगै यी सिद्धान्तलाई निरन्तर समिक्षा गर्नुपर्दछ र विविध यौन अभिमुखिकरण तथा लैङ्गीक पहिचानका व्यक्तिका लागि विभिन्न समय र क्षेत्रमा लागु गर्नु उपयुक्त हुन्छ । नोभेम्बर ६ देखि ९ २००७ मा जकार्ता, इण्डोनेशियामा भएको विज्ञहरुको बैठकले यी सिद्धान्तहरु ग्रहण गरेको घोषणा गर्दछ ।**

सबै व्यक्ति जन्मदा स्वतन्त्र हुन्छन् र प्रतिष्ठा र अधिकारमा समान छन् । सबै खाले यौन अभिमुखिकरण र लैङ्गीक पहिचान भएका सबै व्यक्तिहरुले सबै खाले मानव अधिकारको उपभोग गर्न स्वतन्त्र छन् ।

**राज्यहरुले**

(क) आफ्नो राष्ट्रिय संविधान र सम्बन्धित कानूनहरुमा सबै खाले मानव अधिकारको विश्वव्यापकता, अन्तरसम्बन्ध, अन्तरनिर्भरता र अभिभाज्यताको सिद्धान्तलाई आत्मसात् गर्दै सबैखाले मानव अधिकारको उपभोग गर्न व्यावहारिक प्रयासहरुको प्रत्याभूति दिनेछ ।

(ख) सबै खाले मानव अधिकारको विश्वव्यापी उपभोगलाई सहज तुल्याउन/एकरुपता ल्याउन फौजदारी कानून लगायत अन्य सम्बन्धित कानून समेत संशोधन गर्नेछ ।

(ग) व्यक्तिको लैङ्गीक पहिचान र यौन अभिमुखिकरणको परवाह नगरी सम्पूर्ण व्यक्तिले सम्पूर्ण मानव अधिकारको उपभोग गर्नका लागि शिक्षा र जनचेतना सम्बन्धी कार्यक्रम संञ्चालन गर्नेछ ।

(घ) लैङ्गीक पहिचान र यौन अभिमुखिकरण लगायत मानव पहिचानको सम्पूर्ण पक्षको राज्यको अन्तरसम्बन्ध र अभिभाज्यतालाई मान्यता दिने बहुलवादी दृष्ट्रिकोणलाई राज्यको नीति र निर्णय प्रक्रियामा एकीकृत गर्नेछ ।

यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा कुनै पनि भेदभाव विना मानव अधिकारको उपभोग गर्न हरेक व्यक्ति स्वतन्त्र छ । सबै व्यक्तिहरु कानूनका अगाडी समान छन् र यस्ता कुनै पनि भेदभाव विना, अन्य कुनै मानव अधिकारको उपभोगमा असर पारेको खण्डमा पनि कानूनको संरक्षणका समान भागीदार हुन्छन् । कानूनले यस्ता कुनै पनि भेदभावलाई निषेध गर्नेछ र यस्ता कुनै पनि भेदभाव विरुद्ध समान र प्रभावकारी संरक्षणको प्रत्याभूति दिनु पर्दछ ।

यौन अभिमुखिकरण र लैङ्गीक पहिचानका आधारमा हुने भेदभाव भन्नाले यस्तो कुनै पनि भेद, पृथकीकरण, प्रतिबन्ध वा प्राथमिकता बुझिन्छ जसले कानूनका अगाडी समानतालाई वा कानुनको अगाडि समान संरक्षणलाई समान आधारमा मौलिक स्वतन्त्रता र सम्पूर्ण मानव अधिकारहरुको मान्यता, उपभोग वा प्रयोगलाई रद्ध गर्ने वा क्षति पुऱ्याउने उद्देश्य वा प्रभाव हुन्छ । यौन अभिमुखीकरण र लैङ्गीक पहिचानको आधारमा हुने भेदभावलाई

सिद्धान्त

# १ विश्वव्यापी मानव अधिकारको उपभोग गर्न पाउने अधिकार

लिङ्ग, जात, उमेर, धर्म, अपाङ्गता, स्वास्थ्य तथा आर्थिक स्थितिका आधारमा हुने भेदभावले थप जटिल तुल्याएको हुन्छ ।

**राज्यहरुले**

(क) कानूनले मान्यता दिएको उमेर पुगेका समान लिङ्ग भएका व्यक्तिहरु बीच आपसी सहमतीमा हुने यौन जन्य कृयाकलापलाई अपराध मान्ने कुनै पनि कानून वा त्यस्ता कानूनी प्रयोजनको खारेजी गर्ने र त्यस राज्यको कानूनले तोकेको उमेरको हद असमान लिङ्ग भएका व्यक्ति सरह नै समान लिङ्ग भएका व्यक्तिहरुको हकमा समेत लागु गर्नेछ ।

(ख) यौनिक झुकाव र लैङ्गीक पहिचानका आधारमा सार्वजनिक र नीजि जीवनका पक्षहरुमा भेदभावजन्य कानूनलाई निषैध र उन्मुलन् गर्नको लागी अनुकूल उपायहरु र कानूनी प्रयोजनहरु पारित गर्ने छ ।

(ग) यौन अभिमुखिकरण र लैङ्गीक पहिचानका आधारमा समानता र अविभेदको सिद्धान्तहरुलाई आफ्नो देशको संविधानमा अथवा कानुनमा उचित तवरले अपनाउने छ । यसो गर्न संभव नभएको खण्डमा राज्यले यी सिद्धान्तको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानुनी संसोधन तथा प्रचलित ऐन कानुनलाई उचित रुपले व्याख्या गर्ने छन् ।

सिद्धान्त

# २ विश्वव्यापी मानव अधिकारको उपभोग गर्न पाउने अधिकार

(घ) विविध यौन अभिमुखिकरण भएका व्यक्तिहरुको यथेष्ट बिकास सुनिश्चित गर्न र यस्ता व्यक्ति वा समुहहरुलाई मानव अधिकारको समान उपभोग एवं प्रयोगको प्रत्याभूति दिन आवश्यक भएमा उचित कदमहरु अपनाउने छ । त्यस्ता कदमहरु

भेदभावजन्य ठहरिने छैनन् ।

(ङ) कुनै पनि लैङ्गीक अभिव्यक्ति वा यौन अभिमुखिकरण र लैङ्गीक पहिचान भएका व्यक्तिको हिनता बोध वा गुणवतामा आधारित विचार, भेदभाव, पक्षपाति धारणा, उन्मुलन गर्नका लागि शिक्षा र तालिम सम्बन्धि कार्यक्रम लगायत सम्पूर्ण उपयुक्त कदम उठाउने छ ।

(क) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा समानताको प्रवर्धन र भेदभाव उन्मुलन गर्नको लागी शिक्षा, रोजगारी र सेवाहरुमा पहुँच पुरयाउन, आवश्यक परेमा उचित आवास प्रदान गर्न उपयुक्त कदमहरु चाल्न सुनिश्चित गर्ने ।

(ख) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको एचआईभिको अवस्थाको बहाना बनाएर अलग्याउन, सिमान्तकृत बनाउन र बहिष्कार गर्न पाँईदैन वा सामानहरु, बस्तुहरु र सेवाहरुको पहुँचमा रोक लगाउन पाईने छैन भन्ने कुराको सुनिश्चित गर्ने ।

(ग) उचित, सापेक्ष र आफुले नचाहेको कुरामा लागु हुने बाहेक सबै ब्यक्तिहरुले आफनो लैङ्गिक परिचय अनुसार खेलमा भाग लिन सक्छन भन्ने कुराको सुनिश्चित गर्ने ।

(घ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको कारणले भेदभाव नगरी खेलमा भाग लिन सक्छन भन्ने कुराको सुनिश्चित गर्ने ।

(ङ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा सबै खेलको स्तरमा हुने बल प्रयोग गरेर धमक्याउने र भेदभावको उन्मुलन गर्न अर्न्तराष्ट्रिय मानव अधिकार कानुनको नियम र मापदण्डसंग मिल्दो कानुन, निति र अन्य उपायहरु पारित गर्ने ।

(च) यौन विशेषताको आधारमा जन्मनु अघि छनौट गर्ने अभ्यासको विरुद्धमा लड्ने साथै यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको कारणले हुने गरेको भेदभावको मुख्य कारणलाई सम्बोधन गर्ने र माथि उल्लेखित आधारमा जन्मनु अघि छनौट

गर्ने अभ्यासको हानिकारक प्रभावको बारेमा जनचेतनामुलक कार्यक्रमको आयोजना गर्ने ।

(छ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको कारणले हुने भेदभावपुर्ण धारणा र अभ्यासहरुलाई साथै यौन विशेषताको सम्बन्धमा जन्मनु अघि गरिने ब्यवहार र वंशानुगत प्रविधिहरुको परिवर्तनलाई सम्बोधन गर्ने ।

सिद्धान्त

# ३ कानुँनका अगाडी मान्यताको अधिकार

हरेक व्यक्तिलाई समाजको हरेक क्षेत्रमा व्यक्तिको रुपमा कानून समक्ष आफूलाई चिनाउने अधिकार हुन्छ । विविध यौन अभिमुखिकरण र लैङ्गीक पहिचान भएका व्यक्तिले आफ्नो जीवनका सम्पुर्ण पक्षहरुमा कानूनको उपभोग गर्नेछन् । हरेक व्यक्तिको स्वपरिभाषित लैङ्गीक पहिचान र यौन अभिमुखिकरण उनीहरुको पहिचानको अभिन्न अङ्ग हो र आत्मनिर्णय, प्रतिष्ठा र स्वातन्त्रताको सम्बन्धमा आधारभूत पक्ष हुनेछ । व्यक्तिहरुको लैङ्गीक पहिचानलाई कानूनी मान्यता दिनका लागि हर्मोनल वा नि:संक्रामक उपचार वा अन्य चिकित्सकीय पद्धती वा यौनीक पुनरनिरुपण शल्यक्रिया गर्न कसैलाई पनि बाध्य तुल्याईने छैन । विवाह र अभिभावकत्वलाई लैङ्गीक पहिचानको परिचय दिनका लागि कानूनी बाधा पुर्‍याउने मापदण्डका रुपमा प्रयोग गर्न सकिने छैन । कसैलाई पनि उनिहरुको यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान लुकाउन, दमन गर्न, वा इन्कार गर्न बाध्य तुल्याइनै छैन ।

**राज्यले**

(क) यौन अभिमुखिकरण र लैङ्गीक पहिचानका आधारमा भेदभाव विना नै हरेक व्यक्तिले कानून उपभोग गर्न सक्ने अधिकार निर्द्धिष्ट हुनु पर्दछ र आफुले आर्जेको सम्पत्ति (पुख्यौली लगायत) को बेचविखन गर्न, व्यवस्थापन गर्न, स्वामीत्व कायम गर्न, संधीसम्झौताहरु गर्न, सट्टापट्टा गर्न अधिकारको निर्वाद उपभोग गर्ने वातावरणलाई सुनिश्चित गर्नेछ ।

(ख) हरेक व्यक्तिले स्वनिर्णय गरेको लैङ्गीक पहिचानको पूर्ण सम्मान र कानूनी मान्यता दिन आवश्यक सम्पूर्ण कानूनी, प्रशासकीय तथा अन्य उपायहरु अपनाउने छ ।

(ग) जन्म दर्ता प्रमाणपत्र, पार्सपोर्ट (राहदानी), नागरिकता प्रमाणपत्र, मतदाता प्रमाणपत्र र अन्य परिचय दिने सरकारी दस्तावेजहरुमा हरेक व्यक्तिद्धारा स्वनिर्णित लैङ्गीक पहिचानलाई सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासकीय तथा अन्य उपायहरु अपनाउने छ ।

(घ) सम्बन्धित व्यक्तिको गोपनीयता र प्रतिष्ठालाई सम्मान गर्दै त्यस्ता कार्यविधिहरु दक्ष, निष्पक्ष तथा भेदभावरहित छन् भन्ने कुरा सुनिश्चित गर्नेछ ।

(ङ) यदि कानून वा नितिले व्यक्तिको लिङ्गको आधारमा पृथकीकरण र पहिचान खोजेमा सम्पूर्ण वातावरण/अवस्थामा उनीहरुको परिचयात्मक दस्तावेजमा हुने परिर्वतनलाई मान्यता दिईने कुरा सुनिश्चित गर्नेछ ।

(च) लैङ्गीक संक्रमण वा पुनरनिरुपणबाट गुज्रिरहेका सम्पूर्ण व्यक्तिहरुलाई सामाजिक सहयोग प्रदान गर्न उनीहरु प्रति लक्षित कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

सिद्धान्त

## ४ बाँच्न पाउने अधिकार

सबैको बाँच्न पाउने अधिकार सुनिश्चित हुन्छ । कसैलाई पनि यौन अभिमुखिकरण र लैङ्गीक पहिचानका आधारमासमेत बलजफ्ती बाँच्न पाउने अधिकारबाट बञ्चित गरिने छैन । यौन अभिमुखिकरण र लैङ्गीक पहिचानका आधारमा वा कानून अनुसार उमेर पुगेका व्यक्तिहरु बीच सहमतीमा हुने यौन जन्य कृयाकलापलाई लिएर कसैलाई पनि मृत्यु दण्डको सजाय दिईने छैन ।

### राज्यले

(क) कानूनी रुपमा उमेर पुगेका समान लिङ्ग भएका व्यक्तिहरु बीच सहमतीमा हुने यौन जन्य कृयाकलापलाई प्रतिबन्धित तुल्याउने वा निषेध गर्ने वा निषेधकारी प्रभाव पार्ने सम्पूर्ण अपराधलाई खारेज गर्ने र माथि उल्लेखित प्रयोजनहरु खारेज

नगरेसम्म कुनै पनि व्यक्तिलाई त्यस्ता कानून अर्न्तगत मृत्युदण्ड दिने छैन ।

(ख) कानूनी रुपमा उमेर पुगेका व्यक्तिहरु बीचमा सहमतीमा भएको यौन जन्य कृयाकलापहरुलाई लिएर सजाय भोगी रहेका वा सजाय कुरीरहेका व्यक्तिहरुलाई रिहा गर्नुका साथै मृत्युदण्डको सजाय समेत हटाउने छ ।

(ग) यौन अभिमुखिकरण र लैङ्गीक पहिचानमा आधारीत व्यक्तिहरु माथि राज्यद्धारा प्रयोजित वा राज्यद्धारा परिचालित आक्रमणहरु बन्द गर्न र त्यस्ता आक्रमण चाहे कुनै सरकारी अधिकारीहरु वा अन्य कुनै व्यक्ति वा समुहबाट भएको किन नहोस् ,सोको कडाइका साथ अनुसन्धान गरी उपयुक्त प्रमाण जुटेको खण्डमा त्यस्ता व्यक्तिहरु उपर मुद्दा चलाई कारवाही गर्नुका साथै सजाय दिनेछ ।

सिद्धान्त

## ५ बैयक्तिक सुरक्षाको अधिकार

यौन अभिमुखिकरण र लैङ्गीक पहिचानको परवाह नगरी सबै व्यक्तिहरुलाई सरकारी अधिकारी वा अन्य कुनै व्यक्ति वा समुहले शारिरीक रुपमा चोट पुऱ्याउने वा अन्य कुनै हिंसा विरुद्ध राज्यद्धारा बैयक्तिक सुरक्षाका संरक्षणको अधिकार हुन्छ ।

### राज्यले

(क) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान संग सम्बन्धित सबैखाले हिंसा एवं भौतिक आक्रमण निरोध गर्ने र संरक्षण दिन आवश्यक सम्पुर्ण सुरक्षात्मक तथा अन्य उपायहरु अपनाउने छ ।

(ख) यौन अभिमुखिकरण र लैङ्गीक पहिचानमा आधारित कुनै व्यक्ति, समुह, एवं परिवार समेतको कुनै पनि हिंसाको धम्की/चेतावनी वा त्यस्तो हिंसालाई उक्साउने कामलाई अनुकूल हुने फौजदारी सजायको व्यवस्था गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवम् अन्य उपायहरु अपनाउनेछ ।

(ग) त्यस्ता हिंसाहरुलाई सामान्य तुल्याउनका लागि पिडितको यौन अभिमुखिकरण र लैङ्गीक पहिचानलाई वाहनाको रुपमा प्रयोग गरिने छैन भन्ने कुरा सुनिश्चित

गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासकीय एवं अन्य उपायहरु अवलम्बन गरिनेछ ।

(घ) यस्ता हिंसाका घटनाहरु माथि कडाइका साथ अनुसन्धान गरी, मुद्दा चलाई, कारवाही गरी, आवश्यक सजाय दिने छ साथै पिडितहरुलाई पनि आवश्यक उपचारात्मक विधिका साथै उचित क्षतिपुर्ति दिने छ ।

ङ) यौन अभिमुखिकरण र लैङ्गीक पहिचानको आधारमा हुने हिंसा, भेदभाव र पक्षपातीपूर्ण व्यवहारहरु रोक्नका लागि वास्तविक एवं संभाविक पिडक र सर्वसाधारण प्रति लक्षित जनचेतना जगाउने अभियानहरु संचालन गर्नेछ ।

सिद्धान्त

## ६ गोपनीयताको अधिकार

यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान जेसुकै भएता पनि सम्पूर्ण व्यक्तिहरु गैरकानूनी एवं बलजफ्ती हस्तक्षेप विनाको गोपनीताको अधिकार उपभोग गर्न स्वतन्त्र छन् । जसमा परिवार, सम्बन्ध, घर वा अन्य पत्रचार वा मान र इज्जतमा कुनै पनि गैह्रकानूनी आक्रमण विरुद्धको संरक्षण सुनिश्चित गरिएको हुन्छ । गोपनीयताको भन्नाले कुनै पनि सुचनालाई सार्वजनिक गर्ने नगर्ने कुरा र त्यस्ता कुराहरु भित्र यौन अभिमुखिकरण र लैङ्गीक पहिचान र कुनै व्यक्तिको आफ्नो शरीर र सहमतीमा हुने अन्य यौन जन्य कृयाकलापहरु र अन्य व्यक्तिहरु सँगको सम्वन्धमा गरिने निर्णय र छनौट पनि पर्दछन् ।

### राज्यले

(क) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान जेसुकै भएता पनि कानूनीरुपमा उमेर पुगेका व्यक्तिहरु बीच हस्तक्षेप बिना सहमतिमा हुने यौन जन्य कृयाकलाप लगायत, मानवीय सम्बन्धहरु, नितान्त व्यक्तिगत निर्णयहरु, गोप्य पक्षहरुसम्वन्धि अधिकारहरु हरेक व्यक्तिले उपभोग गरेको कुरा सुनिश्चित गर्न आवश्यक सम्पुर्ण कानूनी, प्रशासनिक तथा अन्य उपायहरु अपनाउनेछ ।

(ख) कानूनी रुपमा उमेर पुगेका समान लिङ्ग भएका व्यक्तिहरुबीच सहमतीमा हुने यौन जन्य कृयाकलापहरुलाई अपराधिकरण गर्ने कानूनको खारेजी गर्ने तथा कानूनी

उमेरको हद समान लिङ्ग भएका वा असमान लिङ्ग भएका दुबै खाले व्यक्तिहरुमा एउटै कानूनी प्रावधान लागु हुन्छ भन्ने कुरा सुनिश्चित गर्नेछ ।

(ग) कानूनी रुपमा उमेर पुगेका समान लिङ्ग भएका व्यक्तिहरु बीच हुने यौन जन्य कृयाकलापलाई गैरकानूनी ठहऱ्याउने वा अपराध ठहऱ्याइ सामान्य फौजदारी कानून लागु गरेको छैन भन्ने कुरा सुनिश्चित गर्नेछ ।

(घ) लैङ्गीक पहिचान अभिव्यक्त गर्ने कुनै पनि कुरा जस्तै लवाई, बोलीचाली, पोशाक, वा शरीरको माध्यमबाट कुनै पनि व्यक्तिलाई आफ्नो लङ्गीक पहिचान बदल्न र अभिव्यक्त गर्न निषेध गर्ने वा अपराधिकरण गर्ने कुनै पनि कानूनलाई खारेज गर्नेछ ।

(ङ) उमेर पुगेका व्यक्तिहरुबीच सहमतिमा भएको यौन जन्य कृयाकलापलाई अपराध ठहऱ्याई बन्दी बनाईएको र गिरफ्तार गरिएको भएमा त्यस्तो गिरफ्तारी लैङ्गीक पहिचान सँग सम्बन्धीत भएको खण्डमा त्यस्ता व्यक्तिहरुलाई रिहा वा कैदमुक्त गर्नेछ ।

(च) लैङ्गीक पहिचान वा यौन अभिमुखिकरणको सम्बन्धमा कोसँग कहिले र कसरी सुचना खोल्ने भन्ने कुरा छनौट गर्ने अधिकार र त्यस्ता सुचनाको जबरजस्ती सार्वजनिकीकरण वा सार्वजनिक गर्ने धम्कीबाट संरक्षणको अधिकार सम्पूर्ण व्यक्तिहरुलाई सुनिश्चित गर्नेछ ।

(क) ब्यक्तिको आवश्यकता अनुसारको यौन र लिङ्गको आधारमा प्रदान गरिएको सुचना सान्दर्भिक, उचित र कानुनले चाहेको परिस्थितीमा खोजिएको वैध उद्धेश्यको लागी हुनु पर्दछ भन्ने कुराको सुनिश्चित गर्ने, यसरी आवश्यकताको आधारमा खोजिएको सुचनाहरुले सबै ब्यक्तिहरुको लैङ्गिक आत्मनिर्णयको अधिकारलाई सम्मान गर्नुपर्दछ ।

(ख) अदालतले आदेश नदिएसम्म ब्यक्तिको नाम र लैङ्गिक निशानि जुन पछि सम्म रहन्छ, सम्बन्धित ब्यक्तिको पहिला, स्वतन्त्र र सुचित स्वीकृति नलिईकन खुलाईने छैन भन्ने कुरालाई सुनिश्चित गर्ने ।

सिद्धान्त

# ७ बलजफ्ती स्वतन्त्रतामाथि बन्देज लगाउने विरुद्धको अधिकार

कसैलाई पनि बलजफ्ती गिरफ्तारी वा नजरबन्दीमा राखिने छैन । यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको अधारमा चाहे अदालतद्धारा जारी आदेश होस् वा अन्य अधिकारी द्धारा हुने गिरफ्तारी वा नजरबन्द होस्, त्यसलाई बलजफ्ती गिरफ्तारी मानिनेछ । व्यक्तिको यौन अभिमुखिकरण र लैङ्गीक पहिचानको पर्वाह नगरी हरेक व्यक्तिले आफूलाई कैद गरीएको कारण र लगाइएको आरोप र त्यसको प्रकृतिबारे समानताका आधारमा सूचना पाउने अधिकार राख्दछन् । कुनै कसुर लगाइएको खण्डमा अदालती प्रक्रिया सुरु गर्न वा स्थापित गर्नका लागि न्यायिक अधिकारी समक्ष उपस्थित गराई गिरफ्तारी वा नजरबन्द गरिएको तथ्य कानून संगत भएको कुरा निर्णय गर्नु पर्दछ ।

## राज्यले

(क) पक्षपाती भए गिरफ्तार गर्न सघाउने, ठाउँ दिने वा अस्पष्ट वा दोहोरो अर्थ लाग्ने शब्द प्रयोग भएको कानूनी प्रयोजनहरुको निमूर्ल गरी यौन अभिमुखिकरण र लैङ्गीक पहिचानका आधारमा कसैलाई पनि कुनै पनि हालतमा गिरफ्तारी नगरिने भन्ने कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनीक तथा अन्य उपायहरु अपनाउनेछ ।

(ख) व्यक्तिको यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको पर्वाह नगरी हरेक व्यक्तिले आफू आफूलाई कैद गरिएको कारण र लगाइको आरोप र त्यसको प्रकृति बारे समानताका आधारमा सूचना पाउने अधिकार सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक तथा अन्य उपायहरु अपनाउनेछ ।

(ग) व्यक्तिको यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा हुने बलजफ्ती गिरफ्तारी वा नजरबन्दीको विरुद्ध कानून पालना गराउने अधिकारी र प्रहरीहरुलाई यौन अभिमुखिकरण तथा लैङ्गीक पहिचानको सम्बन्धमा शिक्षित तुल्याउन जनचेतना मुलक तालिमका कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

(घ) सम्पूर्ण गिरफ्तारी तथा पक्राउका अभिलेख दुरुस्त र अध्यावधिक गर्ने जसमा गिरफ्तारीको कारण, समय र स्थान किटान वा उल्लेख गरिएको हुनु पर्दछ र

गिरफ्तारी वा प्रक्राउको पहिचान गर्न प्रयाप्त कार्यादेश भएका र साधन सम्पन्न निकायहरुलाई सम्पूर्ण गिरफ्तारी र बन्दीको स्वतन्त्र सुपरिवेक्षणको सुनिश्चित गर्ने छ ।

सिद्धान्त

# ८ निष्पक्ष सुनुवाईको अधिकार

कानूनद्धारा स्थापित स्वतन्त्र, निष्पक्ष एवं सक्षम अदालतमा सार्वजनिक वा निष्पक्ष सुनुवाईको अधिकारको हरेक व्यक्ति भागीदार हुन्छ र आफ्नो अधिकार एवं कर्तव्य/जिम्मेवारीको निर्णय गर्दा मुद्दा हाल्दा उनीहरु विरुद्ध कुनै पनि फौजदारी आरोपका निर्णय गर्दा यौन अभिमुखीकरण र लङ्गीक पहिचानका आधारमा पक्षपात वा भेदभाव गरिनु हुँदैन ।

**राज्यले**

(क) अधिकार र कर्तव्य निर्धारण गर्ने नागरीक र फौजदारी कारवारहीको वा न्यायिक प्रक्रियाको सबै चरणमा न्यायिक र प्रशासनिक काम कारवाहीको तहमा लैङ्गीक पहिचान र यौन अभिमुखिकरणका आधारमा गरिने पक्षपातपूर्ण व्यवहारलाई उन्मूलन र निषेध गर्ने र यौन अभिमुखिकरण र लैङ्गीक पहिचानको कारण देखाई कसैको पनि पक्ष, अधिवक्ता, साक्षी निति निर्माताको विरोध गरिने छैन भन्नेकुरा सुनिश्चित गर्नका लागी आवश्यक सम्पूर्ण कानूनी, प्रशासनीक तथा अन्य उपायहरु अपनाउने छ ।

(ख) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानद्धारा प्रेरित पूर्ण/आंशिक रुपले सञ्चालन गरिएका कानूनी प्रक्रिया वा फौजदारी कारवाही विरुद्ध व्यक्तिहरुलाई संरक्षण दिन आवश्यक सम्पूर्ण मनासिव कदमहरु उठाउनेछ ।

(ग) अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धि मापदण्ड, समानता र भेदभावहरु विरुद्धका सिद्धान्तको बारेमा यौन अभिमुखीकरण र लैङ्गीक पहिचानको सम्वन्धमा समेत न्यायधिषहरु , अदालतका कर्मचारीहरु, अभियोक्ताहरु, अधिवक्ताहरु, तथा अन्यलाई जनचेतना जगाउने तालिम कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

सिद्धान्त

# ९ नजरबन्द/कैद रहादाको अवस्थामा मानवीय व्यवहारको अधिकार

स्वतन्त्रता खोसिएका हरेक व्यक्तिहरुलाई मानवीय व्यवहार गर्नुका साथै व्यक्तिको रुपमा पाउने सम्मान तथा व्यवहार गर्नु पर्दछ । यौन अभिमुखिकरण र लैङ्गीक पहिचान हरेक व्यक्तिको प्रतिष्ठासँग अन्योन्याश्रित ढङ्गबाट जोडिएको विषय हो ।

**राज्यले**

(क) यौन अभिमुखिकरण र लैङ्गीक पहिचानका आधारमा कैद अवस्थामा बन्दी बनाईदा, व्यक्तिहरु थप सिमांन्तकृत नहुन् वा हिंसाको जोखिमा नपरुन्, शारिरीक, मानसिक वा यौन दुराचारको भागी नबनाइयुन भन्ने कुरा सुनिश्चित गर्नेछ ।

(ख) जेल भित्र रहेका सम्पूर्ण व्यक्तिहरुलाई यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा उनीहरुको विशेष आवश्यकताको पहिचान गर्दै आवश्यक परेको खण्डमा यौनिक पुननिरुपण तथा हर्मोनल वा अन्य उपचार पद्दति तथा एच आई भी /एडस् तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी लगायतका विषयहरुमा पहुँच र पर्याप्त स्वास्थ्य र परामर्श सेवा प्रदान गर्ने छ ।

(ग) आफ्नो यौन अभिमुखिकरण तथा लैङ्गीक पहिचानको उचित वा अनुकूल हुने स्थानको निर्णयको सम्बन्धमा सबै कैदीहरुको सहभागीता भएको कुराको सम्भांव्य हदसम्म सुनिश्चित गर्नेछ ।

(घ) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान वा लैङ्गीक अभिव्यक्तिको आधारमा हुन सक्ने दुरव्यवहार र हिँसा विरुद्ध संरक्षणका उपायहरु कार्यन्वयन गर्नेछ र त्यसो गर्दा सामान्य कैदीहरुले अनुभव गरे भन्दा बढी अधिकारमा प्रतिबन्धात्मक अवस्थाहरु नभएको कुरा सुनिश्चित गर्ने छ ।

(ङ) दम्पतीको यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानलाई वास्ता नगरी सम्पूर्ण कैदी र बन्दीहरुलाई आफ्नो बैवाहिक सम्बन्धका नाताभएका व्यक्तिहरुलाई भेट्ने अनुमति समान आधारमा दिईने कुरा सुनिश्चित गर्ने छ ।

(च) राज्य, गैरसरकारी संगठन एवं यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको सम्वन्धमा

काम गर्ने संगठनलाई समेत बन्दी गृहमा बन्दीहरुको लागि उपलब्ध गराएको सुविधाको स्वतन्त्र अनुगमन गर्ने व्यवस्था प्रदान गर्नेछ ।

(छ) समानता र भेदभाव विरुद्धका सिद्धान्त र अन्तर्राष्ट्रिय मानव अधिकारको मापदण्डको बारेमा, यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको विषयमा समेत जेलका कर्मचारी र अन्य सम्बद्ध अधिकारीहरु र बन्दी प्रक्रियामा संलग्न सार्वजनिक नीजि संगठनहरुलाई समेत जनचेतना र तालिमका कार्यक्रमहरु संचालन गर्नेछ ।

(क) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा जो ब्यक्तिहरु स्वतन्त्र हुनबाट बञ्चित भएका छन्, स्थानान्तरण गर्ने सवालको सम्बन्धमा, शरीरको खानतलासी गर्दा, लैङ्गिकताको अभिब्यक्त गर्ने चिजहरु, लैङ्गिकतालाई पुष्टि गर्ने ब्यवहार र चिकित्सा उपचार र सुरक्षित एकान्त कैद सम्बन्धमा ब्यक्तिले सामना गर्नु परेको हिंसा, भेदभाव र अन्य नकारात्मक विषयहरुमा लड्न नितिहरु पारित गर्ने र सञ्चालन गर्ने ।

(ख) जो ब्यक्तिहरुलाई राखिने ठाँउ र ब्यवहारको सम्बन्धमा स्वतन्त्र हुनबाट बञ्चित भएको कुराले यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आवश्कता र अधिकारको बारेमा निति पारित गर्ने र सञ्चालन गर्ने र यी ब्यक्तिहरुले उनीहरुलाई राखिएको ठाँउको सुविधाको सम्बन्धमा गरिने निर्णयमा भाग लिन सक्छन भन्ने कुराको सुनिश्चित गर्ने ।

(ग) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुसंग जोडिएको निश्चित जोखिमहरुलाई सम्बोधन गर्दै थुनामा हुने सार्वजनिक र निजि दुवै हिरासतको सम्बन्धमा हेरचाह र सुविधाहरुको प्रभावकारी निरिक्षण गर्ने ।

## सिद्धान्त १० यातना, क्रुर, अमानविय र अपमानजन्य सजाय वा व्यवहार विरुद्ध स्वतन्त्रताको अधिकार

यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका सम्बद्ध कारणहरु समेत हरेक व्यक्तिलाई यातना, क्रुर, अमानविय र अपमान जन्य सजाय वा व्यवहार विरुद्ध स्वतन्त्रताको अधिकार रहेको हुन्छ ।

## राज्यले

(क) यातना, क्रुर, अमानविय र अपमान जन्य सजाय वा व्यवहारका पिडितहरुलाई यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा गरिने वा दिइने यातना तथा क्रुर अमानवीय र अपमान जन्य सजाय वा व्यवहार विरुद्ध र त्यस्तो घटना गर्ने उक्साउने क्रियाकलापहरुबाट समेत निरोध गर्न र संरक्षण प्रवर्धन गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी प्रशासकिय र अन्य उपायहरु अपनाउने छ ।

(ख) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा गरिने वा दिइने यातना तथा कॄर अमानविय र अपमान जन्य सजाय वा व्यवहारका पिडितहरु पत्ता लगाउनका लागि आवश्यक सम्पूर्ण मनासिब कदमहरु उठाउने र पिडकलाई आवश्यकता अनुसार सजाय, हर्जाना र पिडितलाई क्षेतिपूर्ति एवं आवश्यक भएमा स्वास्थ्य र मनोवैज्ञानिक उपचार सहयोग समेत प्रदान गर्ने छ ।

(ग) त्यस्ता गतिविधिहरु गर्न सक्ने वा निरोध गर्ने प्रहरी, जेल कर्मचारी तथा अन्य कर्मचारीहरुका लागि तालिम र जनचेतनाका कार्यक्रमहरु संचालन गर्नेछ ।

(क) बलपुर्वक, बाध्यताले र आफनो ईच्छा विरुद्ध अन्य तरिकाले ब्यक्तिको यौन विशेषता परिवर्तन गर्ने कार्य यातना, क्रुर, अमानविय र अपमानजन्य ब्यवहार अर्न्तगत पर्दछन भन्ने कुराको पहिचान गर्ने ।

(ख) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा गरिने ब्यवहारहरु निषेध गर्ने साथै जननेन्द्रिय सामान्य गराउने शल्यचिकित्सा, आफनो ईच्छा विरुद्धको बन्धयाकरण, गैरकानुनी परिक्षण, चिकित्सकिय प्रर्दशन, बनाउने वा परिवर्तन गर्ने उपचार, सम्बन्धित ब्यक्तिको पहिला, स्वतन्त्र र सुचित स्वीकृति नलिईकन बलपुर्वक वा लागु गरेमा कुनै पनि कानुन र नितिहरु, अनुचित हस्तक्षेप र परिवर्तन हुन नसक्ने ब्यवहारहरुलाई हटाउने ।

सिद्धान्त

# ११ सबै खाले शोषण, बेचबिखन र तस्करी विरूद्धको संरक्षणको अधिकार

वास्तविक वा ग्रहण गरिएको यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा गरिने शोषण लगायत सबै खाले तस्करी र बेचविखन विरुद्ध हरेक व्यक्ति सुरक्षित हुने अधिकारको भागीदार हुन्छ । तस्करीलाई निरोध गर्न अपनाइएका कदमहरुले ग्रहण गरेको वा वास्तविक यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान वा यी वा अन्य पहिचानको अभिव्यक्तिका आधारमा हुने असमानता, र भेदभावहरु लगायत जोखिम बढाउने तत्वहरुलाई सम्बोधन गर्नुपर्दछ। यस्ता उपायहरु तस्करीबाट जोखिममा रहेको व्यक्तिहरुको मानव अधिकारको विरोधाभासी हुनुहुँदैन ।

## राज्यले

(क) सम्पूर्ण मानव जातिलाई यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा यौन शोषण लगायत सबै खाले शोषण, बेचविखन र तस्करी विरुद्ध रोकथाम र संरक्षण दिन आवश्यक कानूनी, प्रशासकीय र अन्य उपायहरु अपनाउने छ ।

(ख) यस्ता कानूनहरुले त्यस्ता कृयाकलापबाट हानी पुग्ने जोखिममा रहेका पिछडिएका व्यक्तिहरुको स्थितिलाई अझै विगार्ने छैन वा त्यस्ता व्यक्तिहरुको बानी व्याहोरालाई अपराधीकरण गरिने छैन र कलंकीत तुल्याइने छैन भन्ने कुरा सुनिश्चित गर्ने छ ।

(ग) वास्तविक वा गृहण गरिएको यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा हुने यौन शोषण लगायत तस्करी बेचविखन र आवास सुविधा, रोजगार तथा सामाजिक सेवाहरुको अभाव लगायत सामाजिक बहिष्करण, भेदभाव, परिवार वा साँस्कृतीक समुदायबाट बहिस्करण, आर्थिक स्वतन्त्रताको अभाव, आवासबिहिना, हतोत्साहि तुल्याउने भेदभावजन्य सामाजिक धारणा लगायत सबै खाले शोषणको जोखिम बढाउने तत्वहरुलाई सम्बोधन गर्नका लागि कानूनी शैक्षिक र सामाजिक उपायहरु, सेवा तथा कार्यक्रमहरु संञ्चालन र स्थापना गर्नेछ ।

सिद्धान्त

# १२ कामको अधिकार

हरेक व्यक्तिलाई यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा भेदभाव नगरी बेरोजगारी विरुद्ध उपयुक्त उत्पादनशिल काम र कार्य सुहाउँदो न्यायोचित र सहज वातावरणको अधिकार हुन्छ ।

**राज्यले**

(क) सार्वजनिक वा निजी रोजगारको क्षेत्रमा व्यवसायिक तालिम, छनौट वा भर्ना, बढुवा, निष्काशन कार्यका अन्य सर्त एवं ज्यालाको सम्बन्धमा समेत यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा हुने भेदभावलाई निषेध र उन्मुलन गर्न आवश्यक सम्पूर्ण कानूनी प्रशासनिक तथा अन्य उपायहरु अपनाउने छ ।

(ख) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा सार्वजनिक सेवाको हरेक क्षेत्रमा समान रोजगार तथा उन्नतीका अवसरहरुमा कुनै पनि विद्यमान भेदभावलाई उन्मुलन गर्ने जसमा सबै तहका सरकारी सेवा तथा रोजगारी, सार्वजनिक कार्यहरु, प्रहरी र सैन्य सेवा समेतमा भेदभाव पूर्ण धारणको सामना गर्न आवश्यक जनचेतानामूलक कार्यक्रमहरु तथा तालिमहरु संञ्चालन गर्नेछ ।

सिद्धान्त

# १३ सामाजिक सुरक्षा र अन्य सामाजिक संरक्षणका उपायहरूको अधिकार

हरेक व्यक्तिलाई यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा भेदभाव रहित सामाजिक सुरक्षा र अन्य सामाजिक संरक्षणको अधिकार हुन्छ ।

**राज्यले**

(क) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा कुनै भेदभाव विना नै सामाजिक सुरक्षा एवं संरक्षणको अन्य उपायहरुमा र रोजगारको सुविधा (सुत्केरी विदा) वेरोजागार भत्ता स्वास्थ्य विमा वा सुविधा (लैङ्गीक पहिचान सम्बन्धि आवश्यक

शल्य कृयासमेत) अन्य सामाजिक विमाहरु, पति पत्नी वा दम्पती, पारीवारिक सुविधा, किरिया सुविधा, पति पत्नी वा दम्पती विमारी वा मृत्युले गर्दा हुने सहयोगको अभावको क्षेतिपुर्तिका लागि निबृत्ति भणर वा अन्य सुविधाहरुमा समेत पहुँच भएको कुरा सुनिश्ति गर्नेछ ।

(ख) बच्चाहरु वा परिवारका कुनै पनि सदस्यहरुलाई यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा सामाजिक सुरक्षा प्रणाली वा सामाजिक कल्याणकारी प्रयोजनहरुमा भेदभाव पूर्ण व्यवहारको शिकार बनाइने छैन भन्ने कुरा सुनिश्चित गर्ने छ ।

(ग) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा भेदभाव नगरी गरिबी उन्मुलन रणनीति एवं कार्यक्रमहरुले सफलता पाइरहेको कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरु अपनाउने छ ।

सिद्धान्त

# १४ स्तरीय जीवन बाच्ने पाउने अधिकार

यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा भेदभाव नगरी हरेक व्यक्तिको प्रयाप्त खाना, सफा पिउने पानी, पर्याप्त सरसफाइ एवं लत्ताकपडा र जीवन स्तरको निरन्तर सुधार लगायत स्तरीय जीवन बाँच्न पाउने अधिकार हुन्छ ।

## राज्यले

(क) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा भेदभाव नगरी पर्याप्त खाना, सफा पिउने पानी, पर्याप्त सरसफाई एवं लत्ता कपडा सम्म समान पहुँच भएको कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी प्रशासनिक एवं अन्य उपायहरु अपनाउने छ ।

सिद्धान्त

# १५ पर्याप्त आवासको अधिकार

हरेक व्यक्तिलाई यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा कुनै भेदभाव नगरी स्तरीय आवास र बलजफ्ती विस्थापन विरुद्ध संरक्षणको अधिकार हुन्छ ।

## राज्यले

(क) आवधिक सुरक्षा तथा क्षमता भित्रको बसोवास योग्य, सुलभ, संस्कृतिक रुपले अनुकूल र सुरक्षित आवास, आकस्मीक सुविधा एवं अन्य आवासमा समेत यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान लगायत पारिवारीक वा बैवाहिक स्थितिको आधारमा कुनै भेदभाव नभएको सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरु अपनाउने छ ।

(ख) अन्तराष्ट्रिय मानव अधिकार कानून सँग अमिल्दा उपायहरु र बलजफ्ती विस्तापनबाट संरक्षण दिनका लागि र कुनै पनि बलजफ्ती विस्थापनको शिकार हुन सक्ने व्यक्ति वा धम्की पाएको व्यक्तिले सोको विरुद्ध संरक्षणको अधिकार उल्लंघन भएको दावि गरेमा, पुर्नस्थापनाको अधिकार, समान वा बेहेत्तर जमीन प्रतिको अधिकार र पर्याप्त आवासको अधिकार यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान र वैवाहिक वा पारिवारीक स्थितिको आधारमा समेत भेदभाव नगरी पर्याप्त र प्रभावकारी कानूनी एवं अन्य उपयुक्त उपचारहरु त्यस्ता व्यक्तिहरुका लागि उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरु अपनाउने छ ।

(ग) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा भेदभाव नगरी हरेक व्यक्तिको पूख्यौली सम्पत्ती, जमिन र आवासको स्वामित्व माथिको समान अधिकार सुनिश्चि गर्ने छ ।

(घ) बच्चाहरु र युवाहरु माझ आवाश हिनताको सम्भावनालाई बृद्धि गर्ने सामाजिक पृथकीकरण, घरायसी एवं अन्य खालको हिंसा, भेदभाव, आर्थिक स्वतन्त्रताको अभाव र पारिवारीक एवं साँस्कृतिक समुदायहरुद्वारा बहिस्करण र छरछिमेकमा

सहयोग र सुरक्षा परियोजनालाई प्रबर्द्धन गर्ने कार्यक्रमहरुलाई समेत यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानलाई प्रभाव पार्ने तत्वलाई सम्बन्धमा सामाजिक र सहायक कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

(ङ) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको परिणाम स्वरुप आवास विहिनताको समस्या भोगेका वा सामाजिक रुपमा पछि परेकाहरुको आवश्यकताहरु प्रति सम्बन्धित सम्पूर्ण निकाय संवेदनशिल र सचेत छन् भन्ने कुरा सुनिश्चित गर्नका लागि तालिम र जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्नेछ ।

सिद्धान्त

## १६ शिक्षाको अधिकार

हरेक व्यक्तिलाई यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा हुने भेदभाव विना नै शिक्षाको अधिकार हुन्छ र यौन अभिमूखीकरण वा लैङ्गीक पहिचानलाई समेत ध्यान दिनु पर्दछ ।

**राज्यले**

(क) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा कुनै भेदभाव विना नै शिक्षा प्रणाली भित्र हरेक विद्यार्थी, शिक्षक र कर्मचारीहरुलाई समान व्यवहार र हरेकको शिक्षामा समान पहुँच छ भन्ने कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानुनी, प्रशासनिक एवं अन्य उपायहरु अपनाउने छ ।

खं) शिक्षालाई हरेक केटा केटीको (विद्यार्थीको) संभाव्य पूर्णतम व्यक्तित्व क्षमता तथा मानसिक एवं शारिरीक क्षमताहरुको विकासमा लगाइने छ र केटा केटीको (उनीहरुको) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आवश्यकतालाई समेत ध्यान दिइनेछ भन्ने कुरा सुनिश्चित छ ।

(ग) विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानलाई ध्यानमा राखी मानव अधिकार प्रतिको सम्मानको विकास गर्ने र केटाकेटीको बाबु आमा र परिवारका सदस्यहरुको साँस्कृतिक पहिचान, भाषा तथा मुल्यहरुलाई समेत समझदारी, शान्ति, सहिष्णुता र समानताको भावना अनुसार समान विकास गर्ने तर्फ शिक्षा निर्देशित छ भन्ने कुरा

सुनिश्चित गर्नेछ ।

घं) शिक्षाको विधि, पाठ्यक्रम र स्रोतहरु विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान र अन्य कुराहरु लगायत विशेष आवश्यकता भएको विद्यार्थीहरु र उनीहरुको अभिभावक तथा परिवारका सदस्यहरुको पनि सम्मान र समझदारी बढाउनेतर्फ निर्दिष्ट भएको भन्ने कुरा सुनिश्चित गर्नेछ ।

(ङ) विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका शिक्षक कर्मचारी एवं विद्यार्थीहरुलाई (Bullying) र हतोत्साही गर्ने लगायत विद्यालय वातावरणमा हुने सबै खाले भेदभाव र सामाजिक पृथकीकरणका विरुद्ध निति तथा कानूनले पर्याप्त संरक्षण दिएको छ भन्ने कुरा सुनिश्चित गर्नेछ ।

(च) त्यस्ता भेदभाव वा हिंसाबाट पिडित विद्यार्थीहरुलाई संरक्षणको नाममा अझ पछि पारिने छैन र गलहत्याइने छैन र उनीहरुको सर्वोपरि हित पत्ता लगाई सहभागीतात्मक ढंगबाट सम्मान गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने छ ।

(छ) विद्यार्थीको यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान र त्यस्को अभिव्यक्तिको आधारमा अनुशासन र सजाँयमा भेदभाव नगरी शैक्षिक संस्कारहरुमा मानव प्रतिष्ठामा आँच नआउने गरी अनुशासनको व्यवस्था गरिएको कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण न्यायिक, प्रशासकिन एव अन्य उपायहरु अपनाउने छ ।

(ज) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको पर्वाह नगरी पिडा भोगीसकेका बयस्क र सबैलाई आजीवन सिकाईका लागि अवसर र स्रोतहरुमा पहुँच भएको कुरा सुनिश्चित गर्नेछ ।

(क) विविध यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको यौन, जैविक, भौतिक र मनोबैज्ञानिक विविधता र मानव अधिकार विस्तृत, सकारात्मक र उचित सामाग्रीहरु बालकहरुको विकाश क्षमतालाई बिचार गरेर पाठयक्रममा समावेश गर्न सुनिश्चित गर्ने ।

(ख) विविध यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको यौन, जैविक, भौतिक र मनोबैज्ञानिक विविधता र मानव अधिकार विस्तृत, सकारात्मक र उचित सामाग्रीहरु शिक्षकहरुको तालिम र निरन्तर रुपमा चल्ने ब्यवसायिक बिकाश कार्यक्रममा समावेश गर्न सुनिश्चित गर्ने ।

सिद्धान्त

# १७ स्वास्थ्य रहने अधिकार

हरेक व्यक्तिलाई यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा भेदभाव नगरी शारिरीक र मानसिक रुपमा स्वास्थ्य रही बाँच्ने अधिकार हुन्छ । यौन तथा प्रजनन् स्वास्थ्य यो अधिकारको मौलिक पाटो हो ।

**राज्यले**

(क) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा भेदभाव नगरी कुनै पनि व्यक्तिलाई स्वास्थ्य जीवन बाँच्न पाउने अधिकारको सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरु अपनाउने छ ।

(ख) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा भेदभाव नगरी सबै व्यक्तिलाई यौन र प्रजनन् स्वास्थ्यको सवालमा आफ्नो स्वास्थ्यको अभिलेख, स्वास्थ्य स्याहार र सुविधा र सामग्री एवं सेवाहरुमा पहुँच छ भन्ने कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरु अपनाउने छ ।

(ग) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा भेदभाव नगरी हरेक व्यक्तिको स्वास्थ्य सम्बन्धि आवश्यकतालाई पुरा गर्न, स्वास्थ्य स्तर कायम राख्न र स्वास्थ्य स्याहार र सुविधाहरु तयार गरिएको कुरा तथा स्वास्थ्य अभिलेखहरुमा गोपनियता कायम राख्ने कुरा सुनिश्चित गर्ने छ ।

(घ) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा व्यक्तिको स्वास्थ्य स्याहारमा असर पार्ने भेदभाव, पक्षपात एवं अन्य सामाजिक तथ्यहरुलाई न्यून पार्न कार्यक्रमहरुको विकास र कार्यान्वयन गर्ने छ ।

(ङ) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा भेदभाव नगरी हरेक व्यक्तिलाईस्वास्थ्य सम्बन्धि सेवा र स्याहार प्राप्त गर्न वास्तविक रुपमा सहमती दिनका लागि सवल र सुसूचित छन् भन्ने कुरा सुनिश्चित गर्नेछ ।

(च) यौन एवं प्रजजन् स्वास्थ्य, स्याहार, रोकथाम, उपचारको कार्यक्रम तथा सेवाहरुले यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको विविधतालाई सम्मान गर्दै, यौन

अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा भेदभाव विना नै स्वास्थ्य सेवा सबैलाई समान रुपले उपलब्ध गराउने कुरा सुनिश्चित गर्नेछ ।

(छ) लैङ्गिक रुपमा पुनरनिरुपण गर्ने र शारिरीक अनुकूलन गर्न चाहने व्यक्तिको सम्बन्धमा दक्ष एवं भेदभाव मुक्त स्वास्थ्य स्याहार सम्मको पहुँचलाई सहजीकरण गर्नेछ ।

(ज) स्वास्थ्य कर्मीहरुले सम्पूर्ण ग्राहक एवं सेवा प्रदायकहरुलाई यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा समेत भेदभाव नगरी त्यस्ता चिनिएका, रक्त सम्बन्ध नभएका साथि,साझेदारलाई समेत उपचार गर्दछ भन्ने कुरा सुनिश्चित गर्नेछ ।

(झ) हरेक व्यक्तिको यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको सम्मान गर्दै, अन्य सबै व्यक्तिहरुलाई उच्च स्तरिय स्वास्थ्य सेवा पुऱ्याउन सक्षम तुल्याउनका लागि आवश्यक शिक्षा र तालिमका कार्यक्रमहरु र नीतिहरु अनुमोदन गर्नेछ ।

(क) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा स्वास्थ्य संस्थाहरुमा हुने भेदभाव, हिंसा र अन्य नकारात्मक पक्षहरुबाट सुरक्षा गर्ने ।

(ख) ब्यक्तिको पहिला, स्वतन्त्र र सुचित स्वीकृतिको आधारमा उच्च मापदण्डको प्राप्तयोग्य लैङ्गिक सकारात्मक स्वास्थ्य सेवाको पहुँचलाई सुनिश्चित गर्ने ।

(ग) सार्वजनिक स्वास्थ्य ब्यवस्थाले लैङ्गिक सकारात्मक स्वास्थ्य सेवा प्रदान गर्ने कुराको सुनिश्चित गर्ने, यदि लैङ्गिक सकारात्मक स्वास्थ्य सेवा प्रदान गरिएको छैन भने यस अर्न्तगत खर्च हुने रकम निजि वा सरकारी स्वास्थ्य विमा योजनामा समावेश गर्ने वा पछि खर्च भुक्तानी हुने गरी मिलाउने ।

(घ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा हुने सबै यौन तथा प्रजनन हिंसाको साथै बलपुर्वक विवाह गराउने, बलात्कार गर्ने र गर्भवती बनाउने कार्यको उन्मुलन गर्न आवश्यक उपायहरुको अवलम्बन गर्ने ।

(ङ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा भेदभाव नगरी अग्रिम र पछि हुने रोगलाई रोक्ने उपचारको पहुँच सुनिश्चित गर्ने ।

(च) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा भेदभाव नगरी सुरक्षित, किन्न सकिने र प्रभावकारी गर्भनिरोधक साधनको साथै आकस्मिक गर्भनिरोधक साधन र परिवार नियोजन र यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि शिक्षा र सुचनाको पहुँचमा सुनिश्चित गर्ने ।

(छ) गर्भपतन पछिको गुणात्मक हेरचाहमा पहुँच सुनिश्चित गर्न आवश्यक कानुनी र अन्य उपायहरुको अवलम्बन गर्ने र यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा भेदभाव नगरी आफनो खर्च गर्न सक्ने क्षमता अनुसारको गुणात्मक गर्भपतन सेवाको समयमै पहुँच पुरयाउन आउन सक्ने वाधाहरुलाई हटाउने ।

(ज) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरु सम्बन्धि एचआईभिको अवस्था खुलाईदिने साथै ब्यक्तिगत सुचनाहरु र चिकित्सा सम्बन्धि सुचनाहरु जस्तैः लैङ्गिक सकारात्मक उपचार, ब्यक्तिको स्वतन्त्र, पहिला नै वा सुचित स्वीकृति नलिईकन गरिने कार्य रोक्ने ।

(झ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा भेदभाव नगरी रक्तदान, भ्रुणहरु, शरीरको अङ्गहरु, कोषहरु वा अन्य तन्तुहरुको दान गर्दा कानुनी ब्यवस्था, नियमहरु र अन्य अरु प्रशाशनिक उपायहरुको सुनिश्चित गर्ने ।

(ञ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको विविध ब्यक्तिहरुको यौन, जैविक, भौतिक र मनोबैज्ञानिक विविधता र मानव अधिकार सम्बन्धि सकारात्मक सामाग्रीहरु चिकित्सा पाठयक्रम र निरन्तर ब्यवसायिक बिकाश कार्यक्रममा समावेश गर्न सुनिश्चित गर्ने ।

सिद्धान्त

## १८ स्वास्थ्यगत दुर्व्यवहारबाट संरक्षण

यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा कुनै पनि व्यक्तिलाई मनोवैज्ञानिक एवं शारिरीक स्वास्थ्य उपचार परिक्षणका विभिन्न विधिहरुप्रति वा कुनै पनि निश्चित

स्वास्थ्य सुविधामा मात्र सिमित राख्न जवरजस्ती गरिने छैन । अन्य कुनै वर्गीकरणको परवाह नगरी यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान आफैमा कुनै खाले स्वास्थ्य सम्बन्धी व्यवस्था नभएको हुँदा यिनीहरुको उपचार वा दमन गरिने छैन ।

## राज्यले

(क) व्यवहार, शारिरीक रुप वा उसले ग्रहण गरेको लैङ्गीक धारणाको सम्बन्धमा साँस्कृतिक वा अन्य किसिमको भेदभावपूर्ण धारणा (Stereotypes) र यौन अभिमुखिकरण वा लैङ्गिक पहिचानका आधारमा हानीकारक स्वास्थ्यगत अभ्यासहरु नगरीएको कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण प्रशासनिक कानूनी वा अन्य उपायहरु अपनाउने छ ।

(ख) बालबालिकाको उच्चतम हितलाई ध्यान दिनु पर्ने कुरालाई महत्व दिदै बच्चाको उमेर र परिपक्वता अनुसार बच्चाको पूर्ण, स्वतन्त्र एवं सुसूचित रुपले सहमती प्राप्त गरेर मात्रै स्वास्थ्यका विभिन्न विधिहरु अपनाइने छ । अन्यथा, कुनै पनि बालबालिकामाथि स्वास्थ्यगत विधि (शल्यकृया) बाट फर्काउनै नसकिने गरी कुनै लैङ्गीक पहिचान वा शारीरिक परिवर्तन बलजफ्ती लादिने छैन भन्ने कुरा सुनिश्चित गर्ने आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक तथा अन्य उपायहरु अपनाउने छ ।

(ग) कुनै पनि बालबालिकाहरु स्वास्थ्यगत दुर्वव्यवहारको सिकार नबनून् र जोखिमबाट समेत मुक्त रहून् भन्नका लागि बालबालिका संरक्षण सयन्त्रको स्थापना गर्ने छ ।

(घ) अनैतिक र वाध्यात्मक स्वास्थ्यगत अनुसन्धान, खोप उपचार वा एच आई भी एडस् वा अन्य रोगहरुका लागि गरिने सुक्ष्म किटाणुको परिक्षण समेत विरुद्ध विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान भएका व्यक्तिहरुको संरक्षण सुनिश्चित गर्ने छ ।

(ङ) बिकासकालागि दिइने सहायता जस्ता देखिने, स्वास्थ्यमा प्रयोग हुने कुनै पनि आर्थिक स्रोतले स्वास्थ्यगत दुरुपयोगलाई बढावा वा प्रश्रय दिन्छ भने त्यस्ता प्रयोजन वा व्यवस्थापन कार्यक्रमहरुलाई संशोधन र पुनरावलोकन गर्नेछ ।

(च) कुनैपनि शारिरीक वा मनोवैज्ञानिक उपचार पद्धति वा परामर्शले यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानलाई उपचार वा दमित गर्नुपर्ने स्वास्थ्यगत अवस्थाको रुपमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले व्यवहार गर्ने छैन भन्ने कुरा सुनिश्चित गर्ने छ ।

सिद्धान्त

# १९ विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार

यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको परवाह नगरी, हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार हुन्छ जस अन्तर्गत आफ्नो परिचयको अभिव्यक्ति वा "व्यक्ति हुँ" भन्ने परिचयको अभिव्यक्ति, बोलीचाली, हिडाई वा चालढाल, शारिरीक वनावट/गुण, नामको छनौट र अन्य कुनै माध्यमद्धारा "व्यक्ति हुँ" भन्ने परिचय दिने स्वतन्त्रता समेत समावीष्ट हुन्छ र कुनै सिमानाको परवाह विना जुनसुकै माध्यमबाट पनि सूचना वा जानकारी खोज्ने वा ग्रहण गर्ने र बाड्ने स्वतन्त्रता समेत पर्दछ ।

## राज्यले

(क) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा भेदभाव नगरी कानूनी अधिकार सम्बन्धमा पैरवीका सामग्रीहरु प्रकाशन, सभा सम्मेलनहरुमा सहभागीता, कार्यक्रम प्रशासरण र सुचनाको ग्रहण र आदानप्रदान, सुरक्षित यौन सम्बन्धको सूचनाहरुमा पहुँच र प्रचार प्रसार समेत अरुको स्वतन्त्रताको सम्मान गर्दै विचार र अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी अधिरकारको पूर्णरुपले उपभोग गरेको कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी प्रशासनिक एवं अन्य उपायहरु अपनाउने छ ।

(ख) कुनै पनि राज्यद्धारा नियन्त्रीत सञ्चार माध्यम र सूचनाहरु बहुलवादी भएको र यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा भेदभाव पूर्ण छैनन् र त्यस्ता संगठनहरुमा कर्मचारी भर्ना र बढुवा नितिहरु समेत यौन अभिमूखीकरण वा लैङ्गीक पहिचानको आधारमा भेदभाव पूर्ण छैनन् भन्ने कुरा सुनिश्चित गर्नेछ ।

(ग) बोली, हिडाई वा चालढाल, पोसाक, वा शारिरीक विशेषताहरुद्धारा "व्यक्ति हुँ" भन्ने परिचय दिने अधिकारको समेत उपभोग गर्नेकुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरु अपनाउने छ ।

(घ) विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानलाई प्रस्तुत गर्ने कुनै पनि विचार वा अभिव्यक्ति स्वतन्त्रतालाई प्रतिबन्धित गर्ने गरी सार्वजनिक सुव्यवस्था, नैतिकता, सार्वजनिक स्वास्थ्य र सुरक्षा जस्ता कुनै पनि धारणाहरु प्रयोग नभएको कुरा

सुनिश्चि गर्ने छ ।

(ङ) विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकारको प्रयोग गर्दा विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान भएका व्यक्तिहरुको स्वतन्त्रता र अधिकारको हनन् नहुने कुरा सुनिश्चित गर्नेछ ।

(च) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको परवाह नगरी हरेक व्यक्तिले सार्वजनिक वहस र सूचना तथा विचारहरुमा समान पहुँच पाउने कुरा सुनिश्चित गर्नेछ ।

(क) सबै ब्यक्तिहरुको नागरिक, राजनितिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार हरुको साथै यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको सम्बन्धमा यी अधिकारहरु कसरी प्रयोग गर्न सकिन्छ भनेर कानुनी, प्रशाशनिक र अन्य उपयुक्त उपायहरुको अवलम्बन गर्ने र सुचनाको अधिकारको सुनिश्चित गर्ने ।

(ख) अनलाईन र अन्य दुवै सुचनाहरु, अर्न्तराष्ट्रिय र क्षेत्रिय सम्झौता र साधनहरु, राष्ट्रिय संविधान, राष्ट्रिय कानुन र नियमहरु, अध्धयन अनुसन्धान, प्रतिवेदनहरु, तथ्याङ्क, पुराना अभिलेख, राज्यले अर्न्तराष्ट्रिय र क्षेत्रिय समिति र संयन्त्रलाई पेश गरको प्रतिवेदन र सुचनाहरु साथै सबै सुचनाहरु मानव अधिकार र आधारभुत स्वतन्त्रता वा कुनै यस्ता अधिकारको उल्लंघन भएमा न्यायको पहुँच जस्ता मानव अधिकारलाई सुरक्षित वा सक्रिय बनाउन आवश्यक हुन सक्ने सुचनाहरुको स्वतन्त्र रुपमा उपलब्ध र पहुँच बनाउने ।

(ग) विविध यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको जनसंख्याको एक आपसमा स्पष्ट फरक आवश्यकताहरु, विशेषताहरु र मानव अधिकार अवस्थालाई मान्यता दिने, प्रत्येक जनसंख्याको तथ्याङ्क संकलन गर्ने र आचारसंहिता, बैज्ञानिक र मानव अधिकारहरुको मापदण्डहरुसंग मिल्ने गरी ब्यवस्थापन गर्ने र विभिन्न भागमा विभाजन गरेर उपलब्ध गराउने ।

सिद्धान्त

# २० शान्तिपुर्वक भेला र संघ सस्था सम्वन्धी स्वतन्त्रताको अधिकार

यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको परवाह नगरी हरेक व्यक्तिलाई शान्तिपुर्वक विरोध प्रर्दशन लगायत भेला गरी विरोध प्रदर्शन गर्ने र संघ संस्थामा आबद्ध हुने अधिकार हुन्छ। विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा भेदभाव विना नै कुनै व्यक्तिले संघ संगठन खोल्ने र मान्यता प्राप्त गर्ने, व्यक्तिहरु बीच संचार सर्म्पक गर्ने वा व्यक्तिहरुसँगको बारेमा सूचना प्रवाह गर्ने, अधिकार सम्वन्धि पैरवी गर्ने संघ सस्थाहरुसँग आवद्ध हुन सक्ने छन्।

## राज्यले

(क) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा भेदभाव विना नै संघ संस्था वा समुहहरुले कानूनी मान्यता प्राप्त गर्न र शान्तिपुर्ण रुपले भेला हुन, संघ सगंठनले कार्यक्रम आयोजना गर्न र वहस गर्न पाउने अधिकारको कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी प्रशासनिक वा अन्य उपायहरु अपनाउने छ।

(ख) विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको प्रस्तुत गरेकै आधारमा शान्तिपूर्वक भेला हुने र संस्था खोल्ने अधिकार प्रतिबन्धित गर्ने गरी सार्वजनिक सुचना, नैतिकता, स्वास्थ्य तथा सार्वजनिक सुरक्षाको प्रयोग नगरिने कुरा सुनिश्चित गर्नेछ।

(ग) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा कुनै पनि हालतमा शान्तिपुर्वक भेला हुने र संघ संस्था खोल्न पाउने अधिकारहरुमा बाधा नपुऱ्याउने र त्यस्ता अधिकार उपभोग गरेका व्यक्तिहरुलाई आवश्यक पर्याप्त प्रहरी सुरक्षा तथा अन्य भौतिक संरक्षण उपलब्ध गराउने कुरा सुनिश्चित गराउने छ।

(घ) त्यस्तो संरक्षण प्रदान गर्नका लागि सक्षम तुल्याउन कानून पालना गराउने सम्बन्धित निकायहरु वा अन्य अधिकारीहरुलाई तालिम एवं जनचेतना मुलक कार्यक्रमहरु प्रदान गर्नेछ।

(ङ) स्वयंसेवी सगठन एवं समूहहरुलाई सूचना सार्वजनिक गर्ने अभ्यासमा वा सो

क्रममा त्यस्ता यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको सवाललाई सम्बोधन गर्ने संगठन वा समुहहरुको सदस्यहरुप्रति भेदभाव पूर्ण प्रभाव नगरेको कुरा सुनिश्चित गर्ने छ ।

(क) सबै व्यक्तिहरुको साथै यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको आधारमा ब्यक्तिहरुको अधिकारलाई प्रवर्द्धन गर्ने उद्धेश्यले संधसंस्था गठन गर्न सम्मान, सुरक्षा र सहजिकरण गर्ने ।

(ख) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएको ब्यक्तिहरुको सम्बन्धमा जुन संस्थाले मानव अधिकारको प्रवर्धन गर्ने खोजिरहेका छन्, ती संस्थाहरुले ब्यक्तिहरु, संघसंस्थाहरु व अन्य नागरिक समाजका संगठनहरु, सरकार, सहयोगी संस्थाहरु, निजि क्षेत्र, संयुक्त राष्ट्र संघ र अरु संघहरु, घरेलु वा बिदेशीहरुबाट दातृ निकायको खोजी, उनीहरुबाट सहयोग प्राप्त गर्न, अन्य स्रोत तथा अर्थको प्रयोग गर्न सक्छन् भन्ने कुराको सुनिश्चित गर्ने ।

(ग) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएको ब्यक्तिहरु जहाँ बस्दछन्, त्यहाँको आवश्यकता र कार्यप्रणाली अनुसार संस्था दर्ता गर्न सुनिश्चित गर्ने साथै नैतिकता र सार्वजनिक आधारमा उनीहरु बोझ हाईनन् र उनीहरुलाई अनुचित सिमा लगाउनु हुँदैन् ।

(घ) संघसंस्थाको स्वतन्त्रताको अधिकार दर्ता नभएका संघसंस्थाहरुको साथै यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएको ब्यक्तिहरुको सवालमा कार्य गर्ने संघसंस्थाहरुको पनि बराबरी रुपमा स्वतन्त्रताको अधिकार हुन्छ भन्ने कुराको सुनिश्चित गर्ने ।

(ङ) संघसंस्थाको स्वतन्त्रताको उपभोग गर्न समुहहरु जो यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएको ब्यक्तिहरुको कारणले सिमान्तकृत र जोखिममा पारिएका छन्, उनीहरुले भोगीरहेका निश्चित चुनौतिहरुलाई पराजित गर्न सकारात्मक उपायहरुको साथै सकारात्मक कार्यको उपायहरुको अवलम्बन गर्ने ।

(च) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएको ब्यक्तिहरुको कारणले गरिएको भेदभाव विरुद्ध कार्य गर्ने सेवा प्रदायक संघसंस्थाहरुको अधिकारलाई सुरक्षा प्रदान गर्न सकारात्मक उपायहरुको अवलम्बन गर्ने ।

सिद्धान्त

## २१ धर्म, नैतिकता र आदर्शको स्वतन्त्रताप्रतिको अधिकार

यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको परवाह नगरी हरेक व्यक्तिलाई धर्म, नैतिकता र आदर्शको स्वतन्त्रताको अधिकार हुन्छ । यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा भेदभाव गर्ने वा समान संरक्षण नदिने कानूनहरुको औचित्य स्थापित गर्न राज्यद्धारा कुनै पनि कानून, नीति, कार्यक्रमहरु जारी गरिने छैन ।

### राज्यले

(क) व्यक्तिहरुलाई एक्लै वा समुहमा आफ्नो धार्मिक वा गैरधार्मिक अभ्यासहरु गर्न, कुनै पनि कुरामा विश्वास गर्न वा अस्वीकार गर्न र कुनै पनि विश्वास मान्न बाध्य तुल्याइने छैन र उनीहरुलाई कुनै पनि हस्तक्षेप विना, आफ्नो विश्वास कायम राख्न पाउने कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरु अपनाउने छ ।

(ख) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको सम्बन्धमा कुनैपनि विचार प्रतिबद्धता र विश्वासहरु अभिव्यक्त गर्ने तरिकाहरुलाई बढावा दिन गरिने कुरालाई मानव अधिकारको प्रतिकुल हुने गरी प्रयोग नगरीने कुरा सुनिश्चित गर्नेछ ।

सिद्धान्त

## २२ स्वतन्त्रतापूर्वक आवतजावत गर्ने अधिकार

यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको परवाह नगरी हरेक व्यक्तिलाई कानून संगत ढंगबाट राज्यभित्र स्वतन्त्रता पूर्वक आवतजावत गर्ने र राज्यको सिमाना भित्र बसोबास गर्ने अधिकार हुन्छ । कुनैपनि व्यक्तिलाई कुनैपनि देशमा प्रवेश गर्न वा आफ्नै राज्यमा फर्कनबाट वा अन्य आप्रवासमा जानबाट बाधा पुऱ्याउन वा सिमित तुल्याउनका लागि यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानलाई आधार मानिने छैन ।

**राज्यले**

(क) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको परवाह नगरी हरेक व्यक्तिलाई स्वतन्त्र रुपले आवतजात र बसोवास गर्ने अधिकारको प्रत्याभूति दिइएको कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरु अपनाउने छ ।

सिद्धान्त

## २३ शरण खोज्ने अधिकार

प्रत्येक व्यक्तिलाई यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानमा आधारित क्रुर अमानविय व्यवहार समेत अन्य अमानविय व्यवहारबाट बच्ने र शरण खोज्ने अधिकार हुन्छ । राज्यले कुनैपनि व्यक्तिलाई यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा क्रुर, अमानविय, अपमानजनक यातना वा सजायको त्रास छ भन्ने कुराको बलियो आधार भएमा कुनैपनि व्यक्तिलाई जबरजस्ती हटाउन, निस्कासन गर्न, वा सुपुर्दगी गर्ने छैन ।

**राज्यले**

(क) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा क्रुर, अमानविय, कारवाही वा यातनाको त्रास छ भन्ने बलियो आधार भएमा शरणार्थीको रुपमा स्विकार्न वा शरण माग्नका लागि बलियो आधार हो भनी सुनिश्चित गर्न कानूनहरु पुनरावलोकन, संशोधन र लागु गर्नेछ ।

(ख) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा कुनैपनि शरण खोज्ने व्यक्तिलाई कुनै पनि नीति वा व्यवहारले भेदभाव गरिने छैन भन्ने कुरा सुनिश्चित गर्ने छ ।

(ग) कुनैपनि व्यक्तिको यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा अर्को राज्यमा कार्वाही गर्ने, सजाय दिने, यातना दिने, क्रुर अमानविय र अपमानजनक व्यवहारको सिकार हुने आधार भएमा कुनै पनि राज्यले कुनै व्यक्तिलाई हटाउन, देश निकाला गर्ने, वा सुपुर्दगी गर्ने छैन भन्ने कुरा सुनिश्चित गर्नेछ ।

(क) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएको ब्यक्तिहरुको कारणले हुने अत्याचारको डरलाई साथै जहाँ यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएको ब्यक्तिहरुको

कारणले उनीहरुलाई अपराधिकरण गरिन्छ र यस्ता कानुनहरुले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहन नसकिने कष्टकर वातावरणको र हिंसा र भेदभावको वातावरण श्रृजना गर्दछ वा सहयोग गर्दछ, यस्ता कारणहरुलाई शरणार्थीको अवस्था सरह मान्यता दिने कारण स्वीकार गर्न सुनिश्चित गर्ने ।

(ख) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएको ब्यक्तिहरुको कारणले शरण खाजिरहेका ब्यक्तिहरुलाई साथै उनिहरुले दावी गरेको समयको निर्धारण र उनीहरुलाई सम्बन्धित पक्षले स्वागत गरेको अवस्थामा हिंसा, भेदभाव र नकारात्मक पक्षहरुबाट सुरक्षाको प्रत्याभुति दिन सुनिश्चित गर्ने ।

(ग) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएको ब्यक्तिहरुले अत्याचारबाट बच्नको लागी आफनो पहिचान लुकाउन र परिवर्तन गर्न सक्छन, यस्तो अवस्थामा शरणार्थीको मान्यता दिन यी ब्यक्तिहरुलाई ईन्कार गर्नुहुँदैन भन्ने कुराको सुनिश्चित गर्ने ।

(घ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएको ब्यक्तिहरुले शरणार्थी बन्न दिएको आफनो परिचय उनिहरुको शरणार्थी दावी बिचाराधिनको लागी पहिलो बुँदा हो भन्ने कुरालाई स्वीकार गर्ने ।

(ङ) ब्यक्तिले शरणार्थी बन्न खोज्दा शरणार्थी हुनलाई ईन्कार गर्नुहुँदैन भन्ने कुरालाई सुनिश्चित गर्ने, किनभने उनीहरुले यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताका आधारहरु अत्याचारको लागी हो भन्ने कुरा पहिला नै भन्न लगाएका होईनन् ।

(च) शरणार्थीको अवस्थालाई निर्धारण गर्ने प्रक्रिया र स्वागतको अवस्थालाई ब्यवस्थित गर्ने कार्यमा संलग्न कर्मचारीहरुलाई यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरुको सम्बन्धमा सम्बेदनशिल, सांस्कृतिक पक्षले उपयुक्त जानकारीमुलक र तालिमको ब्यवस्थालाई सुनिश्चित गर्ने ।

(छ) जुनसुकै समयमा पनि शरणार्थी बन्न खोज्ने ब्यक्तिहरुको साथै यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएको ब्यक्तिहरुको बारेमा जहाँ कानुन सम्मत छ, उचित, आवश्यक र सापेक्ष रुपमा आवश्यक ठानिएको सुचनाहरुको अभिलेख राख्ने कार्यलाई सम्मान र गोपनियतालाई आदर गर्नु पर्दछ,

सुचनाहरुलाई भण्डारण गरेर शरणार्थी निर्धारण प्रक्रियामा प्रत्यक्ष संलग्न व्यक्ति बाहेक अन्य व्यक्तिलाई यस्ता सुचनाहरुको पहुँचमा निषेध गर्ने कुरालाई सुनिश्चित गर्ने ।

(ज) जब यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएको व्यक्तिहरुलाई शरणार्थी हुन स्थापित गर्ने सम्बन्धमा विश्वशनियताको लेखाजोखा गर्न मार्गनिर्देशनहरुको विकाश र कार्यान्वयन गर्ने, यस्ता लेखाजोखाहरु बस्तुपरक र संवेदनशिल तरीकाले गरिएको, रुढीबादी बिचार र सांस्कृतिक पुर्वाग्रहको बाधा नभएको कुराले निर्धारण भएको हुनु पर्ने अवस्थालाई सुनिश्चित गर्ने ।

(झ) अनुपयुक्त, आक्रामक, अनावश्यक वा बाध्य पारेर चिकित्सा वा मनोबैज्ञानिक परिक्षण वा प्रमाणहरुलाई ब्यक्ति स्वंयले मानेको यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरुको आधारमा शरणार्थी हुन खोज्दा ब्यक्तिको लेखाजोखा गर्न प्रयोग गरिने छैन भन्ने कुराको सुनिश्चित गर्ने ।

(ञ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरुको आधारमा ब्यक्तिको विशेष आवश्यकताहरुलाई कदर गरेर शरणार्थी हुन खोजेका ब्यक्तिहरुलाई चिकित्सा हेरचाह र उपयुक्त परामर्शको लागी साथै प्रजनन स्वास्थ्य, एचआईभिको सुचना र उपचार, हर्मोनल वा अन्य उपचार र लिङ्ग पुष्टि गर्ने उपचारको पहुँच सुनिश्चित गर्ने ।

(ट) शरणार्थी हुन खोजेका ब्यक्तिहरुलाई थुनामा नराख्न, थुनालाई अन्तिम उपायको सहाराको रुपमा प्रयोग गर्न र सम्भव भएसम्म एकदमै छोटो समयको लागी थुनामा राख्ने कुरालाई सुनिश्चित गर्ने ।

(ठ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएका ब्यक्तिहरुलाई जुन थुनाको प्रयोग गरेर स्थानान्तरण गरिएको हुन्छ, ती ब्यक्तिहरुप्रति हुने हिंसा, भेदभाव र अन्य नकारात्मक पक्षहरुबाट थप सिमान्तकृत नहुनको लागी सुनिश्चित गर्ने ।

(ड) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएका ब्यक्तिहरुको आधारमा हिंसा, भेदभाव र अन्य नकारात्मक पक्षहरुको जोखिममा रहेकाहरुलाई ब्यवस्थित गर्न वा सुरक्षा प्रदान गर्न एकान्त कारावासको

प्रयोग गर्नु हुँदैन र यदि प्रभावकारी सुरक्षा प्रदान गर्न सकिएन भने छुटकारा दिनु पर्दछ वा शरणार्थी बन्न खोजेकाहरुलाई थुनाको साटो अन्य विकल्पमा पठाउने कुराको सुनिश्चित गर्ने ।

सिद्धान्त

# २४ परिवार बसाउने अधिकार

यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको परवाह विना नै हरेक व्यक्तिलाई परिवार बसाउने अधिकार हुन्छ । परिवारहरु विविध स्वरुपमा अस्तित्वमा रहेका हुन्छन् । कुनै परिवार र परिवारको कुनै पनि सदस्य लाई यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा कुनै पनि भेदभाव गने अधिकार छैन ।

**राज्यले**

(क) परिवार बसाउन यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा भेदभाव विना नै कृत्रिम गर्भाधारण (दाता वाट प्राप्त सुक्रकिट ग्रहण गरी समेत) वा धर्म सन्तान स्वीकार्ने अधिकारमा पहुँच भएको कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक, एवं अन्य उपायहरु अपनाउने छ ।

(ख) वंशाणु वा वैवाहिक सम्बन्धबाट परिभाषित नगरिएका लगायत, जुनसुकै स्वरुप वा प्रकृतिको परिवारलाई कानूनी मान्यता दिएको कुरा सुनिश्चित गर्ने र परिवार सम्बन्धमा कल्याणकारी योजना र अन्य सार्वजनिक फाइदाहरु योजना एवम् बसाइसराईका सवालमा यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा कुनै पनि परिवारका सदस्यलाई भेदभाव गरिएको छैन भन्ने कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनीक एवं अन्य उपायहरु अपनाउने छ ।

(ग) बच्चाहरु सम्बन्धि सार्वजनिक वा नीजि संस्थाहरुले अदालती, विधायकि वा प्रशासनिक निकायले निर्णय अथवा नितिनिर्माण वा अन्य क्रियाकलाप गर्दा ती बच्चाको यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान र उसको परिवारका सदस्यहरुको यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानलाई परवाह नगरी बच्चाको सर्वोत्तम हितलाई नै सर्वोपरि महत्व दिइन्छ भन्ने कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण

कानूनी, प्रशासनिक एवं अन्य उपाय अपनाउने छ ।

(घ) बच्चाहरु सम्बन्धि निर्णय र कार्यक्रमको सम्बन्धमा बच्चाले विचार राख्न सक्ने क्षमता भएमा उनीहरुको विचारलाई स्वतन्त्रता पूर्वक अभिव्यक्त गर्न पाएको र उनीहरुको उमेर परिपक्वताको आधारमा महत्व दिएको कुरा सुनिश्चित गर्नेछ ।

(ङ) भिन्न यौन प्रकृति भएका दम्पती सरह समान यौन प्रकृति भएका दम्पतीलाई समेत राज्यले वैवाहिक मान्यता र अधिकार, सुविधा वा फाइदा सबैकुरा प्रति उत्तिकै हकदार भएको कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरु अपनाउने छन् ।

(च) असमान यौन प्रकृति भएका अविवाहित दम्पत्तिहरुलाई उपलब्ध कर्तव्य, सुविधा र अधिकार समान यौन प्रकृति भएका अविवाहित दम्पत्तिहरुलाई पनि उपलब्ध हुने कुरा सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरु अपनाउने छ ।

(छ) विवाह वा अन्य यस्तै कानूनी मान्यताका सम्बन्धहरु सहवासी दम्पत्तिहरुको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र कायम गरिने कुरा सुनिश्चित गर्नेछ ।

(क) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएका ब्यक्तिहरुको कारणले गर्दा उनीहरुको आमाबाबु, अभिभावक वा अरु परिवारका सदस्यहरुबाट हुने हिंसा, भेदभाव र अन्य नकारात्मक पक्षहरुबाट बालबालिकाहरुलाई सुरक्षा प्रदान गर्ने ।

(ख) बालबालिका जन्म भएको समयमा बाबुआमा आफैले निर्धारण गरेको लैङ्गिक परिचयलाई देखाउने खालको जन्मदर्ता प्रमाणपत्र जारी गर्ने ।

(ग) सन्तान उत्पादन गर्न सक्ने क्षमता जोगाउने विधिहरु जस्तैः यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएको कुनै पनि ब्यक्तिहरुलाई भेदभाव नगरी युग्मक र तन्तुहरु जोगाउने साथै हर्मोनल उपचार र सामान्य चिरफारको लागी पहुँचलाई सुगम बनाउने ।

(घ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएको कुनै पनि ब्यक्तिहरुको आधारमा भेदभाव नगरी कानुन सम्मत गर्भधारण र बच्चा जन्माउने ब्यवस्थालाई सुनिश्चित गर्ने ।

सिद्धान्त

# २५ सार्वजनिक जीवनमा सहभागी हुने अधिकार

हरेक नागरिकलाई आफ्नो हितलाई असर पार्ने नीति निर्माणको तहमा र निर्वाचित भई जानु पर्ने सार्वजनिक पदहरुमा र लोक सेवाको तहमा, सार्वजनिक समारोहमा रोजगार, प्रहरी र सैन्य सेवामा समेत यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको परवाह नगरी सहभागी हुने अधिकार हुन्छ ।

## राज्यले

(क) हरेक व्यक्तिको यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको परवाह नगरी पूर्ण सम्मानका साथ सार्वजनिक जीवनका हरेक तह लगायत लोकसेवा, प्रहरी र सैन्यसेवा, सार्वजनिक र राजनैतिक मामिलामा सहभागी हुने अधिकारको पूर्ण उपभोग गर्न पाउने कुरा सुनिश्चित गर्नका लागि कानूनको पुनरावलोकन, संसोधन तथा लागु गर्नुपर्छ ।

(ख) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा सार्वजनिक जीवनमा सहभागीतालाई प्रतिबन्ध गर्ने भेदभावपूर्ण र पक्षपातपूर्ण तत्वहरुलाई निर्मूल गर्न सम्पूर्ण अनुकुल कदमहरु अपनाउनु पर्छ ।

(ग) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको भेदभाव नगरी पूर्ण सम्मानका साथ हरेक व्यक्तिलाई आफ्नो हितमा प्रभाव पार्ने नीतिनिर्माणको प्रक्रियामा सहभागी हुने अधिकार सुनिश्चित गर्नुपर्छ ।

(क) ब्यक्तिको भोट खसाल्ने अधिकार रोक्ने कार्यलाई यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरु भएको कारण नबनाउन उपायहरुको अवलम्बन गरिने कार्यलाई सुनिश्चित गर्ने ।

(ख) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा सिमान्तकृत हुन पुगेका ब्यक्तिहरुको लागी सार्वजनिक तथा राजनितिक सहभागिताको प्रवर्धन गर्न सकारात्मक कार्य र कार्यक्रमहरुको विकाश र कार्यान्वयन गर्ने ।

## सिद्धान्त २६ साँस्कृतिक जीवनमा सहभागी हुने अधिकार

यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको परवाह नगरी हरेक व्यक्तिलाई साँस्कृतिक जीवनमा सहभागी हुने र साँस्कृतिक सहभागीता मार्फत आफ्नो विविध यौन अभिमूखीकरण वा लैङ्गीक पहिचानको परिचय दिने अधिकार हुन्छ ।

**राज्यले**

(क) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको परवाह नगरी पूर्ण सम्मानका साथ सबै व्यक्तिको साँस्कृतिक जीवनमा सहभागी हुने अधिकार सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनीक एवं अन्य उपायहरु अपनाउने छ ।

(ख) राज्य भित्र विद्यमान विभिन्न साँस्कृतिक विशेषता भएका समुहहरु तथा यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको सवालमा भिन्न विचार राख्ने समुह बीच सम्वाद र पारस्परिक सम्मानलाई बढावा दिने यस योग्यकार्ता सिद्धान्तमा उल्लेख गरिए अनुसारको मानव अधिकारको सम्मान गरिएको कुरा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कानूनी, प्रशासनीक एवं अन्य उपायहरु अपनाउने छ ।

## सिद्धान्त २७ मानव अधिकार प्रवर्द्धन गर्ने अधिकार

यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा भेदभाव नगरी हरेक व्यक्तिलाई व्यक्तिगत रुपमा वा साँठनिक रुपमा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा मानव अधिकारको संरक्षण र प्रत्याभूति दिने अधिकार हुन्छ । यस अन्तर्गत विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान भएका व्यक्तिहरुको मानव अधिकारको संरक्षण र प्रबर्द्धनका कृयाकलापहरु पर्दछन्, साथै नयाँ मानव अधिकारका धारणाहरुको विकास गर्नुका साथै त्यसको स्वीकृतिका लागि वकालत गने कुराहरु समेत पर्दछन् ।

## राज्यले

(क) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान लगायत सम्पूर्ण मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रत्याभूति दिने खालको उपयुक्त वातावरण सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण कानूनी, प्रशासनिक एवं अन्य उपायहरु अपनाउने छ ।

(ख) विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान भएका वा उनीहरुकालागि काम गर्ने मानव अधिकारकर्मीहरु र यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानमा आधारित मानव अधिकार विरुद्ध गरिने व्यवहार/काम कारवाहीसँग सामाना गर्न सम्पूर्ण न्यायोचित उपायहरु अपनाउनेछ ।

(ग) विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानमा काम गर्ने मानव अधिकारकर्मीले वकालत गर्ने मानव अधिकारका सवालहरुको परवाह नगरि सबै मानव अधिकारकर्मीहरुलाई भेदभाव विना राष्ट्रिय/अन्तर्राष्ट्रिय मानव अधिकार संगठन वा निकायहरुमा सहभागीता र संचार सर्म्पक सुनिश्चित गर्ने छ ।

(घ) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका सवालमा काम गर्ने मानव अधिकार कर्मीहरुलाई मानव अधिकार सम्बन्धि क्रियाकलापको प्रतिक्रियामा राज्य वा गैरराज्य पक्षबाट हुने वा गरीएको कुनै पनि हिंसा, धम्की, प्रतिशोध कानूनी वा सरकारी भेदभाव ,दवाव वा कुनै स्वच्छाचारी क्रियाकलाप विरुद्ध संरक्षण सुनिश्चित गर्नेछ । माथि उल्लेखित संरक्षणहरु यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानमा मात्र आधारीत नभई जुनसकै मानव अधिकार सम्बन्धी क्षेत्रमा काम गर्ने मानव अधिकारकर्मीहरुलाई सुनिश्चित गरिने छ ।

(ङ) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान भएको व्यक्तिहरुको मानव अधिकार संरक्षण तथा प्रबर्द्धन गर्ने सगंठनहरुलाई मान्यता र ओहदा प्राप्त गर्न सहयोग गर्ने छ ।

(क) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति वा यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा हिंसाको जोखिममा परेका वा जोखिमको अनुभव गरिरहेका ब्यक्तिहरुको अधिकारलाई बचाउ गर्नेहरुको लागी सुरक्षा गर्ने खालको कानुन बनाउने, स्थापना गर्ने, निर्दिष्ट गर्नु वा प्रशस्त मात्रामा स्रोतको संयन्त्र कायम गर्ने ।

(ख) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति वा यौन विशेषताहरु भएको व्यक्तिहरुको सम्बन्धमा मानव अधिकारको सवालमा कार्य गर्ने व्यक्तिहरु र संगठनहरु जसले उनीहरुलाई प्रभाव पार्न सक्छ, सरकार र राजनितिक निर्णय गर्ने प्रक्रियामा यी व्यक्तिहरु र संगठनहरुको सहभागितालाई सुनिश्चित गर्ने ।

सिद्धान्त

# २८ प्रभावकारी उपचार र सम्बोधनको अधिकार

मानव अधिकार हिंसा पिडितहरु, यौन अभिमुखिकरणका आधारमा पिडित गराईएकाहरुलाई समेत प्रभावकारी, पर्याप्त र न्यायोचित उपचारको अधिकार हुन्छ । पिडितलाई क्षतिपूर्ति, पिडकलाई सजाय र अभियोजनको व्यवस्था गर्न उठाइएका सम्पूर्ण कदमहरु वा विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका व्यक्तिहरुका लागि माथि उल्लेखित कुराहरु प्राप्त गर्नु वा प्रक्रिया अगाडि बढाउनु प्रभावकारी उपचार र संबोधन सम्बन्धि अधिकारको अभिन्न अङ्ग हो ।

**राज्यले**

(क) यौन अभिमुखिकरण आधारमा भएका मानव अधिकार उल्लँघनका घटनाहरुका पिडितहरुलाई हर्जाना, क्षतिपूर्ति, पुनस्थापना, सन्तुष्टि, पुन नदोहरीने प्रत्याभूति र अन्य कुनै न्यायोचित उपायहरुद्धारा गर्नुपर्ने संबोधनका लागि पहुँच भएको कुरा सुनिश्चित गर्न नीति र कार्यक्रमहरुको पुनरावलोकन समेत गरी कानूनी प्रक्रियाको स्थापना गर्नेछ ।

(ख) कानूनी उपचारहरु समयमा नै कार्यन्वयन र क्रियाशिल गराइएका कुरा सुनिश्चित गर्ने छ ।

(ग) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा हुने मानव अधिकार हिंसा विरुद्ध कानूनी उपचार र संबोधनका लागि प्रभावकारी र स्तरीय संस्थागत व्यवस्था भएको कुरा सुनिश्चित गर्ने र कर्मचारीहरु समेत सो सम्बन्धमा तालिम प्राप्त भएको कुरा सुनिश्चित गर्नेछ ।

(घ) सबै व्यक्तिलाई क्षेतिपूर्ति र सम्बोधन प्राप्त गर्ने प्रक्रियाहरुको आवश्यक सम्पूर्ण जानकारीमा पहुँच भएको कुरा सुनिश्चित गर्नेछ ।

(ङ) सम्बोधन प्राप्त गर्ने प्रक्रियाका लागि लाग्ने खर्च व्यहोर्न नसक्ने व्यक्तिहरुलाई आर्थिक सहयोग प्रदान गरिएको र त्यस्तो कानूनी सम्बोधन प्राप्त गर्नका लागि हुने अन्य कुनै आर्थिक वा अन्य बाधा वा अड्चनहरु हटाइएको कुरा सुनिश्चित गर्नेछ ।

(च) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानमा आधारीत भेदभावको सामना गर्न तथा यसै सिद्धान्तमा आधारित भई अन्तर्राष्ट्रिय मानव अधिकारको मापदण्डहरुको सम्मान र सम्मीलन प्रवर्दन गर्न मानव अधिकारका सम्भाव्य उल्लंघन कर्ताहरुलाई, पेशागत निकायहरुमा, विद्यार्थी र शिक्षकलाई लक्षित गरि सार्वजनिक शिक्षाको सबै तहमा समेत जनचेतना र तालिम कार्यक्रमहरु सुनिश्चित गर्नेछ ।

सिद्धान्त

# २९ उत्तरदायित्व

हरेक व्यक्ति जसको मानव अधिकार यस सिद्धान्तहरुमा उल्लेखित अधिकारहरुको समेत उल्लंघनको घटनाको गम्भीरताको आधारमा चाहे सरकारी वा गैह्रसरकारी निकाय वा अधिकारी जोसुकैले घटाएको भए तापनि यस सिद्धान्तमा उल्लेखनीय ढंगबाट जवाफदेही तुल्याउनेछ । यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान सम्बन्धी मानव अधिकारको उल्लंघनकर्तालाई दण्डबाट छुटकारा दिनु हुँदैन ।

**राज्यले**

(क) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानसँग सम्बन्धित मानव अधिकारको उल्लंघनका घटनाहरुको उत्तरदायित्व सुनिश्चित गर्न अनुगमन संयत्रका साथै न्यायोचित, सुलभ र प्रभावकारी फौजदारी, नागरिक, प्रशासनिक तथा अन्य प्रक्रियाहरु स्थापना गर्नेछ ।

(ख) वास्तविक वा ग्रहण गरिएको यौन अभिमुखिकरणका आधारमा पिडितलाई लगाइएका सम्पूर्ण आपराधिक आरोपको सीघ्रातीसीघ्र र गहनताका साथ अनुसन्धान गरी

प्रमाणहरु फेला परेको हदसम्म कानून बमोजिम त्यस्ता जिम्मेवार व्यक्तिलाई मुद्दा चलाइएको र कारवाही गरिएको कुरा सुनिश्चित गर्नेछ ।

(ग) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा हुने भेदभावको अन्त्य सुनिश्चित गर्नका लागि कानून र नीति निर्माण र कार्यान्वयनको अनुगमन गर्ने स्वतन्त्र एवम् प्रभावकारी संस्था तथा प्रक्रियाहरुको स्थापना गर्नेछ ।

(घ) यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा भएको मानव अधिकार उल्लंघनको घटनाप्रति कुनै पनि व्यक्तिलाई जिम्मेवार तुल्याउन, वाधा पुऱ्याउने कुनै पनि वाधा अड्काउलाई हटाउनेछ ।

# अतिरिक्त सिद्धान्तहरू

सिद्धान्त

## ३० राज्यको सुरक्षा पाउने अधिकार

प्रत्येक व्यक्तिले यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति र यौन विशेषताहरुको आधारमा भेदभावको शिकार नभई सरकारी कर्मचारी अथवा अन्य कुनै व्यक्ति वा समुहबाट हुने हिंसा, भेदभाव र  अन्य नकारात्मक पक्षहरुमा राज्यबाट सुरक्षित हुने अधिकार छ ।

### राज्यले

(क) राज्य वा गैर राज्यसंग सम्बन्धित व्यक्तिहरुबाट भएका भेदभाव, हिंसा र अन्य नकारात्मक पक्षहरुमा रोकथाम, अनुसन्धान, मुद्धा चलाउने, सजाय दिने वा आवश्यक कारवाही गर्नेछ ।

(ख) सार्वजनिक वा निजि क्षेत्रका व्यक्तिहरुबाट यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति र यौन विशेषताहरुको आधारमा गरिने सबै प्रकारका हिंसा, भेदभाव र नकारात्मक पक्षहरु, भेदभाव, शत्रुता र हिंसा गर्न उक्साउने अभिव्यक्तिहरुलाई समाप्त पार्न उपयुक्त र प्रभावकारी उपाय अवलम्बन गर्ने ।

(ग) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति र यौन विशेषताहरुको आधारमा गरिने भेदभाव, हिंसा र क्षतिपुर्ति दिलाउन अवलम्बन गरिएका प्रभावकारी उपायहरुको साथै हिंसा, भेदभाव र नकारात्मक पक्षहरुको मात्रा, कारणहरु र प्रभावहरुको तथ्याङ्क संकलन गर्ने र अनुसन्धान गर्ने ।

(घ) प्रकृति र मनोवृत्तिको मात्रा, विश्वाशहरु, रितिरिवाज र अभ्यासहरु जसले यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति र यौन विशेषताहरुको आधारमा गरिने हिंसा, भेदभाव र नकारात्मक पक्षहरुलाई बढावा दिने गरेका छन, ती कुराहरुको प्रभावकारीता र यस्ता नकारात्मक पक्षहरुलाई समाप्त पार्न अवलम्बन गरिएका उपायहरुको प्रतिवेदन तयार गर्ने ।

(ङ) शैक्षिक र सार्वजनिक कार्यक्रमहरुको विकाश र कार्यान्वयनद्धारा मानव अधिकारको प्रबर्द्धन गरी यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएका ब्यक्ति र समुहमाथि हुने पुर्वाग्रह समाप्त पार्ने ।

(च) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएका ब्यक्ति र समुहको सवालको सम्बन्धमा न्याय क्षेत्रसंग आवद्ध, कानुन लागु गराउने अधिकृतहरु र सार्वजनिक पद धारण गरेका ब्यक्तिहरुलाई संवेदनशिल तालिम प्रदान गर्न सुनिश्चित गर्ने ।

(छ) कुनै पनि ब्यक्तिको यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुको परवाह नगरी बलात्कार, यौन हमला, र यौन प्रताडनाबाट कानुनी रुपमा सुरक्षित भएको सुनिश्चित गर्ने ।

(ज) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुका आधारमा बलात्कार, यौन हमला, र यौन प्रताडनाबाट साथै अन्य प्रकारका हिंसा र नकारात्मक पक्षबाट शिकार भएका ब्यक्तिहरुलाई आवश्यक सेवाहरुको ब्यवस्था गर्ने ।

(झ) प्राप्त प्रमाणको आधारमा मानव अधिकार उल्लंघन भएका घटनाहरुको सशक्त रुपमा अनुसन्धान भएको सुनिश्चित गर्ने र दोषीमाथि मुद्धा चलाउने यदि दोषी ठहरयाईएमा उपयुक्त सजाँयको ब्यवस्था गर्ने ।

(ञ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुका आधारमा हिंसा, भेदभाव र नकारात्मक पक्षबाट शिकार भएका ब्यक्तिहरुलाई प्रभावकारी उजुरी गर्ने कार्यप्रणाली र उपचारको पहुँच भएको सुनिश्चित गर्ने ।

सिद्धान्त

# ३१ कानुनी मान्यताको अधिकार

प्रत्येक ब्यक्तिलाई आफनो यौन, लिङ्ग, यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुको बारेमा आवश्यक कार्यहरु बाहेक पहिचान नखुलाई कानुनी मान्यता प्राप्त गर्ने अधिकार हुन्छ । प्रत्येक ब्यक्तिलाई यौन अभिमुखिकरण,

लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुको परवाह नगरी परिचय पत्र, जन्म दर्ताको प्रमाणपत्र प्राप्त गर्ने अधिकार हुन्छ। प्रत्येक ब्यक्तिलाई आफनो दस्तावेजमा उल्लेखित लैङ्गिक सुचना अनुसार लैङ्गिक सुचना परिवर्तन गर्ने अधिकार हुन्छ ।

**राज्यले**

(क) कार्यालयको परिचय पत्रमा कानुनी वैधताको उद्धेश्यले सान्दर्भिक, उचित र आवश्यक ठानिएको ब्यक्तिगत सुचनाहरु समेटिएको सुनिश्चित गर्ने, यस बाहेक ब्यक्तिको परिचय देखाउने कागजपत्रहरु जस्तै जन्म दर्ताको प्रमाणपत्र, परिचय पत्र, पासपोर्ट र चालक लाईसेन्स अथवा कानुनी ब्यक्तित्व देखाउने कागजपत्रहरुमा यौन र लिङ्ग सम्बन्धि सुचनाहरु दर्ता गर्न बन्द गर्ने ।

(ख) ब्यक्तिको आत्म निर्णयको आधारमा यथाशिघ्र, पारदर्शि र सुगम संयन्त्र बनाई ब्यक्तिको नाम र लैङ्गिक तटस्थ नाम समेत परिवर्तन गराउन मिल्ने खालको पहुँचको सुनिश्चित गर्ने ।

(ग) जब यौन र लैङ्गिकतालाई निरन्तर रुपमा दर्ता गरिन्छः

(ग.१) प्रत्येक ब्यक्तिको आफैले स्वीकारेको लैङ्गिक पहिचानलाई कानुनी मान्यता र पुष्टी गर्न यथाशिघ्र, पारदर्शि र सुगम संयन्त्र बनाउन सुनिश्चित गर्ने ।

(ग. २) धेरै संख्यामा लैङ्गिकतालाई चिनाउने विकल्पहरु उपलब्ध गराउने ।

(ग.३) कसैको नाम, कानुनी यौन र लैङ्गिकतालाई परिवर्तन गर्न आवश्यक पर्ने कुराहरु भनेर कुनै पनि योग्य मापदण्डहरु जस्तै मनोबैज्ञानिक क्रियाकलापहरु, मनोचिकित्सक उपचारहरु, कम वा धेरै उमेर, आर्थिक अवस्था, स्वास्थ्य, वैवाहिक वा अभिभावकको अवस्था र अन्य तेस्रो पक्षको बिचार आदि राखिने छैन भन्ने कुराको सुनिश्चित गर्ने ।

(ग.४) अपराध अभिलेख, आप्रवासी अवस्था वा अन्य अवस्थालाई प्रयोग गरी ब्यक्तिको नाम, कानुनी यौन अथवा लैङ्गिकतालाई परिवर्तन गर्न रोक लगाईने छैन भन्ने कुराको सुनिश्चित गर्ने ।

सिद्धान्त

# ३२ शारिरीक र मानसिक सम्पुर्णताको अधिकार

प्रत्येक व्यक्तिलाई आफनो यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुको परवाह नगरी शारिरीक र मानसिक सम्पुर्णता, स्वशाशन र आत्मनिर्णयको आधारमा बाँच्न पाउने अधिकार हुन्छ । प्रत्येक ब्यक्तिलाई आफनो यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुको आधारमा कष्ट र यातनाबाट, अमानविय र बदनामी गराउने वा सजाँयबाट छुटकारा पाउने अधिकार हुन्छ । कुनै पनि ब्यक्ति स्वंयको आफनो स्वतन्त्रता, अग्रिम र सुचित स्वीकारोक्ति विना यौन विशेषतालाई परिवर्तन गर्न जबरजस्ती आक्रमण अथवा परिवर्तन हुन नसक्ने चिकित्सकिय कार्यविधि गर्न पाईने छैन, यदि परिवर्तन गर्नु परेमा सम्बन्धित ब्यक्तिलाई गम्भिर, अत्यावश्यक र अपुरणिय क्षति हुनबाट बचाउनु पर्दछ ।

## राज्यले

(क) प्रत्येक ब्यक्तिको साथै सम्पुर्ण बालबालिकाहरुको शारिरीक र मानसिक सम्पुर्णता, स्वशाशन र आत्मनिर्णयको आधारमा प्रत्याभुति र सुरक्षा गर्नुपर्दछ ।

(ख) आफनो यौन विशेषता परिवर्तन गर्न नमानेमा हुने गरेका सबै प्रकारका बलजफती, बाध्यकारी कुराहरुबाट ब्यक्तिलाई साथै सम्पुर्ण बालबालिकाहरुलाई कानुनी सुरक्षाको सुनिश्चित गर्ने ।

(ग) यौन र लिङ्गको आधारमा हुने लाञ्छना, भेदभाव र रुढीवादी कुराहरुलाई सम्बोधन गर्न उपायहरुको अवलम्बन गर्ने, रुढीवादीको विरुद्धमा लड्ने साथै वैवाहिक सम्भावना र अन्य सामाजिक, धार्मिक र सांस्कृतिक कुराहरुको तर्कसंगत ब्याख्या गर्ने र यी समुहका ब्यक्तिहरुको साथै सम्पुर्ण बालबालिकाहरुको यौन विशेषता परिवर्तन सम्बन्धि कुराको औचित्य प्रमाणित गर्ने ।

(घ) बालबालिकाको जिउने अधिकार, भेदभावरहित, बालबालिकाको सर्वोपरी हित, बालबालिकाको बिचारलाई सम्मान गर्नु पर्दछ भन्ने कुरालाई मनन गर्नुपर्दछ, उनीहरुको कुनै पनि यौन विशेषतालाई परिवर्तन गर्नु अघि सुचना दिएर उपचार

सिद्ध भएको, गम्भिर शारिरीक नोक्सान नपुरयाइकन सल्लाह लिनु पर्दछ भन्ने कुरालाई सुनिश्चित गर्नुपर्दछ, बालबालिकाको क्षमता विकाशसंग मिल्दो कुनै पनि यस्ता परिवर्तनहरु गर्न बालबालिकाद्धारा स्वीकारीएको हुनुपर्दछ ।

(ङ) बालबालिकाको सर्वोपरि हितको अवधारणालाई बालबालिकाको शारिरीक सम्पुर्णताको अधिकारसंग मेल नखाने अभ्यासहरुलाई औचित्य सावित गर्न तोडमोड गर्नुहुँदैन भन्ने कुराको सुनिश्चित गर्ने ।

(च) हिंसाबाट पिडितहरु, परिवारहरु र समुदायका मानिसहरुलाई शारिरीक र मानसिक सम्पुर्णता, स्वशाशन र आत्मनिर्णयको अधिकारको उपभोग गर्न र यो उनिहरुको विशुद्ध अधिकार हो भन्ने कुराको बारेमा धेरै, स्वतन्त्र, परामर्श र सल्लाह दिनुपर्दछ ।

(छ) कानुनद्धारा वैध उद्धेश्यको लागी सान्दर्भिक, उचित र आवश्यक ठानिएको बाहेक कुनै पनि ब्यक्तिको कानुनी, प्रशाशनिक कारवाही र आपराधिक मुद्धालाई अगाडी लैजाने क्रममा गुद्धद्धार र यौन अङ्गहरुको परिक्षण गर्न निषेध गर्नुपर्दछ ।

## सिद्धान्त ३३ यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरूको आधारमा गरिने अपराधिकरण र दण्डबाट स्वतन्त्र रहने अधिकार

प्रत्येक ब्यक्तिलाई बास्तविक वा महशुश गरिएको यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुको आधारमा गरिने अपराधिकरण र कुनै पनि प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष दण्डबाट स्वतन्त्र रहने अधिकार हुन्छ ।

### राज्यले

(क) कानुनी ब्यवस्थाहरु परम्परागत, धार्मिक र देशबाट उत्पन्न भएका कानुनहरु चाहे स्पष्टसंग ब्यवस्था गरेको वा साधारण तवरले सजाँयको ब्यवस्था भएको जस्तै स्वभाव, नैतिकता, जन मर्यादा, आवारापन, गुदामैथुन र कानुनी प्रचारको विरुद्धमा कार्य भए गरेको पाईएमा कानुनी ब्यवस्थाको सुनिश्चित गनपर्दछ्, यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, अभिब्यक्ति आदी वा तिनिहरुसंग सम्बन्धित कुराहरुलाई अपराधिकरण र कुनै पनि प्रकारबाट दण्डित गर्नुहुँदैन ।

(ख) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुको

आधारमा साथै यौन कार्य, गर्भपतन, नचाहिकन लागेको एचआईभि, परस्त्रीगमन वा परपुरुषगमन, दिक्क लगाउने, केही नगरी बस्ने वा माग्ने आदी कार्यलाई पनि अपराधिकरण गर्ने कार्यलाई अन्य प्रकारका अपराधिकरण र दण्डलाई रद्ध गर्नुपर्दछ ।

(ग) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुको आधारमा अपराधिकरण गर्ने र  साधारण दण्ड सजाँय दिने खालका भेदभावपुर्ण कानुनहरुलाई रोक्ने वा बिचाराधिनरुपमा राख्ने ।

(घ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुको आधारमा यी समुहका ब्यक्तिहरुलाई स्वेच्छाचारी कानुनबाट अपराधिकरण गरी दोषी बनाएर अपराधको सुचीमा दर्ता गरिएका घटनाहरुलाई हटाउनु पर्दछ ।

(ङ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुको सम्बन्धमा न्यायपालिका, कानुनलाई लागु गर्ने अधिकृतहरु र स्वास्थ्य सेवा प्रदायकहरुलाई मानव अधिकारको प्रत्याभुति गर्न तालिमको ब्यवस्थालाई  सुनिश्चित गर्ने ।

(च) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुको आधारमा गरिएका कुनै पनि हिंसा, तर्साउने वा दुरुपयोग कार्यहरुमा कानुनलाई लागु गर्ने अधिकृतहरु र अन्य ब्यक्तिहरु र समुहहरुलाई जवाफदेही बनाउन सुनिश्चित गर्ने ।

(छ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको कारणले अपराधिकरण र सजाँयको भागीदार भएका ब्यक्तिहरुलाई कानुनी सहायता प्रक्रिया, न्याय र उपचारको प्रभावकारी पहुँच पुग्नु पर्दछ भन्ने कुराको सुनिश्चित गर्ने ।

(ज) ब्यक्तिको पहिला, स्वतन्त्र र सुचित स्वीकारोक्तिद्धारा गरिएको शारिरीक परिवर्तन र उपचारलाई अपराधिकरण नगर्ने ।

सिद्धान्त

# ३४ गरिबीबाट सुरक्षित रहन पाउने अधिकार

प्रत्येक व्यक्तिलाई यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुसंग जोडिएको कारणले हुने गरेको सामाजिक बहिष्करण र सबै प्रकारको गरिबीबाट सुरक्षित रहन पाउने अधिकार हुन्छ । सबै ब्यक्तिहरुको बराबरी अधिकार र सम्मान गरिबीको हकमा नमिल्ने कुरा हुन, ब्यक्तिको यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको कारणले गरिबीको कुरा भेदभावसंग मिलाएर हेर्न सकिन्छ ।

## राज्यले

(क) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएका ब्यक्तिहरु सबै प्रकारको गरिबीसंग जोडिएको र यसैको कारणले झन खराब अवस्था भएकोले हुनाले सबै प्रकारको गरिबीहरु उन्मुलन गर्ने र क्रमिक रुपमा घटाउन आवश्यक कानुन, प्रशाशनिक, बजेट, अन्य उपायहरु साथै आर्थिक निति अवलम्बन गर्न सुनिश्चित गर्ने ।

(ख) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको कारणले सिमान्तकृत हुन पुगेका ब्यक्तिहरुलाई सामाजिक र आर्थिक समावेशिकरण गर्न प्रवर्द्धन गर्ने ।

(ग) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको कारणले गरिबीको मारमा परेका ब्यक्तिहरुको सहभागिता र समावेशीरणलाई गरिबीसंग लड्न कानुनी, प्रशाशनिक, बजेट, अन्य उपायहरु सम्बन्धि नितिहरु पारित गर्न र यससंग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्न सुनिश्चित गर्ने ।

(घ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुसंग सम्बन्धित सामाजिक बहिष्करण र गरिबी न्युनिकरण गर्ने उद्धेश्यले उपयुक्त संस्थागत प्रबन्ध र तथ्याङ्क संकलन गर्न सुनिश्चित गर्ने ।

(ङ) गैर राज्यका ब्यक्तिहरुबाट पनि यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक

अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको मानव अधिकारको उल्लंघन भएको र मानव अधिकारको उल्लंघनले गर्दा गरिबी र बहिष्करणको शिकार भएका, प्रतिकुल असर परेका ब्यक्तिहरुको लागी प्रभावकारी उपाय सुनिश्चित गर्ने ।

सिद्धान्त

## ३५ स्वास्थ्य रक्षा सम्बन्धि अधिकार

प्रत्येक ब्यक्तिलाई विना भेदभाव, मानविय सम्मान मिल्ने परिस्थितिमा साथै यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिको आधारमा पनि समतामुलक, पर्याप्त, सुरक्षित, सरसफाई र स्वस्थ रहन पाउने अधिकार हुन्छ ।

**राज्यले**

(क) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुलाई परवाह नगरी पर्याप्त सार्वजनिक सरसफाईको सुविधाहरु सबै ब्यक्तिहरुको सम्मानका साथ पहुँच पुगोस भन्ने कुराको सुनिश्चित गर्ने ।

(ख) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको कारणले भेदभाव नगरी सबै बिद्यालयहरु र अन्य संस्थागत ठाँउहरुमा कर्मचारीहरु, बिद्यार्थीहरु र आगन्तुकहरुलाई सरसफाईका सुविद्याहरुको पहुँच भएको सुनिश्चित गर्ने ।

(ग) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको कारणले भेदभाव नगरी सरकारी र निजि दुवै रोजगारदाताहरुले सरसफाईको सुरक्षित पहुँच प्रदान गर्न सुनिश्चित गर्ने ।

(घ) सर्वसाधारणलाई सेवा पुरयाउने संस्थाहरुले यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुलाई समेत भेदभाव नगरी पर्याप्त सरसफाईको सेवा दिन सुनिश्चित गर्ने ।

(ङ) सबै थुनामा परेकाहरु, कर्मचारीहरु र आगन्तुकहरु, यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुलाई भेदभाव

नगरी थुनामा सुरक्षित र सम्मानका साथ पर्याप्त सरसफाईको सुविधाहरुको पहुँच पुगोस भन्ने कुरालाई सुनिश्चित गर्ने ।

सिद्धान्त

## २६ सुचना र प्रविधिको सम्बन्धमा मानव अधिकारको उपभोग गर्ने अधिकार

प्रत्येक ब्यक्तिलाई ईन्टरनेट वा कमप्युटरसंग सम्बन्धित वा असम्बन्धित भएतापनि सुरक्षित रहने पाउने अधिकार निहित हुन्छ । प्रत्येक ब्यक्तिलाई यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुको आधारमा विना हिंसा, भेदभाव र अन्य नराम्रा पक्षबाट टाढा रहि सुचना, संचार साथै ईन्टरनेटको प्रयोग र पहुँचसम्म पुग्ने अधिकार हुन्छ । विद्युतिय संचार साथै कोड भाषा, अज्ञात, उपनामलाई सुरक्षित राख्नु पर्दछ, विशेष अर्थमा भन्नु पर्दा बाँच्ने अधिकार, शारिरीक तथा मानसिक सम्पुर्णता, स्वास्थ्य, निजि, आवश्यक प्रक्रिया, बिचार अभिब्यक्त गर्ने स्वतन्त्रता, शान्तपुर्वक भेला हुने र संगठित हुन पाउने यी कुराहरु मानव अधिकारको पुर्ण उपलब्धिको लागी अत्यावश्यक हुन्छन् ।

**राज्यले**

(क) विश्वब्यापी, आफनो औकात अनुसारको, खुला र सुरक्षित रुपमा सुचना र संचार प्रविधिको साथै ईन्टरनेटको उपभोग गर्न यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएका सम्पुर्ण ब्यक्तिहरु विना हिंसा, भेदभाव र अन्य नराम्रा पक्षबाट टाढा रहि र बराबरीसंग पहुँचसम्म पुग्ने अधिकारलाई सुनिश्चित गर्न आवश्यक सम्पुर्ण उपायहरुको अवलम्बन गर्ने ।

(ख) विना भेदभाव यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएका ब्यक्तिहरुको साथै यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरुसंग सम्बन्धित सुचना र संचारको प्रविधि मार्फत सबै प्रकारको सुचनाहरु र बिचारहरु खोज्ने, प्राप्त गर्ने र प्रदान गर्ने अधिकारलाई सुनिश्चित गर्ने ।

(ग) सुचना, सञ्चार प्रविधि र ईन्टरनेटको पहुँच र प्रयोगमा प्रतिबन्ध लगाउने

अधिकार कानुनलाई दिएको हुन्छ भन्ने कुरालाई सुनिश्चित गर्ने, कानुन नै यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा विना भेदभाव मानविय सम्मान, समानता र स्वतन्त्रताको रक्षा गर्न आवश्यक र सापेक्ष हुन्छ ।

(घ) विद्युतिय संचारमाध्यमहरुको गोपनियिताको अधिकार र सुरक्षालाई आदर र रक्षा गर्नुपर्दछ साथै ब्यक्तिले प्रविधिको प्रयोग गरेको कोड भाषा, उपनाम र अज्ञात नामलाई सुरक्षित राख्नु पर्दछ, ।

(ङ) कुनैपनि गोपनियताको साथै समुहबाट वा तोकेर गरिएको निरिक्षणमा प्रतिबन्ध वा आधिकारिक निकायबाट ब्यक्तिगत सुचना पाउनको लागी अनुरोध गरिएमा वा ब्यक्तिले प्रयोग गरेको कोड भाषा, उपनाम र अज्ञात साधनहरुको प्रयोगमा सिमितता लेराउने कार्य कुनै निश्चित आधारमा गरिएको हुन्छ र यी कार्यहरु कानुनी आवश्यकता अनुसार वैद्य उद्धेश्य र अदालतको आदेश अनुसार उचित, आवश्यक र समय सापेक्ष हुन्छन् भन्ने कुराको सुनिश्चित गर्ने ।

(च) ब्यक्तिगत फाईदाको लागी प्रयोग गरिएको ब्यक्तिगत सुचनाहरु सान्दर्भिक मानव अधिकारको मापदण्डसंग मिल्दो हुनुपर्दछ साथै ब्यक्तिगत सुचनाको सुरक्षा गर्दा यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको भेदभाव गर्नुहँदैन भन्ने उपायहरुको सुनिश्चित गर्ने ।

(छ) अन्तराष्ट्रिय मानव अधिकार कानुनको ढाँचा अनुसार यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा घृणा ब्यक्त गरिएका बोलिहरु, सताउने काम र प्रविधिसंग सम्बन्धित हिंसा खोजेर यसको रोकथाम, उपचार र उन्मुलन गर्ने, सान्दर्भिक अर्न्तराष्ट्रिय मापदण्डको मुख्य बुँदाहरु र सान्दर्भिक सरोकारवालाहरुसंग परामर्श गरेर साथै निजि क्षेत्रको जवाफदेहिताको लागी आवश्यक कानुनी, प्रशाशनिक, प्राविधिक र अन्य उपायहरुको अवलम्बन गर्ने ।

सिद्धान्त

# ३७ सत्यताको अधिकार

प्रत्येक यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा मानव अधिकार उल्लंघनको शिकार भएका ब्यक्तिहरुलाई तथ्यहरुको बारेमा सत्य जानकारी, परिस्थिति, हिंसा हुनुको कारणहरुको बारेमा थाहा पाउने अधिकार हुन्छ। सत्यताको अधिकारमा प्रभावकारी, स्वतन्त्र र तथ्यलाई प्रमाणित गर्न निष्पक्ष छानबिनको साथै सबै प्रकारका क्षतिपुर्तिलाई अन्र्तराष्ट्रिय कानुनले मान्यता दिएको हुन्छ । सत्यताको अधिकार कानुनी सिमितताको लागी मात्र होईन र यसको प्रयोगको प्रकृति दुवै अर्थमा ब्यक्तिगत अधिकार र बृहद सामाजिक अधिकारको रुपमा विगतका घटनाहरु थाहा पाउने हो भन्ने कुरालाई मनमा राख्नु पर्दछ ।

## राज्यले

(क) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा हिंसाको शिकार भएका ब्यक्तिहरुलाई क्षतिपुर्तिको साथै सार्वजनिक क्षमा, अपराधिको रुपमा दोषि ठहरयाउने र अभिलेख राख्ने, पुनस्थापना र स्वास्थ्य लाभका सेवाहरु, पर्याप्त क्षतिपुर्ति र यस्ता घटनाहरु नदोहोरयाउने प्रत्याभुतिको लागी कानुनी ब्यवस्था पारित गर्ने ।

(ख) यदि मानसिक र शारिरीक सम्पुर्णताको अधिकार हनन भएमा प्रभावकारी पहुँच, उपचार, सुधार, क्षतिपुर्ति र यदि आवश्यक परेमा मनोसामाजिक सहयोग र स्वस्थ उपचारको पहुँचलाई सुनिश्चत गर्ने ।

(ग) ब्यक्तिको आफनो चिकित्सा ईतिहासबारे थाहा पाउने साथै ठिकसंग राखिएको चिकित्सा अभिलेखको पहुँचको अधिकार सुरक्षित गर्ने ।

(घ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुमा आधारित भएको सम्बन्धित अपमानहरुको सत्यता प्रमाणित गरी आवश्यक कामकारवाही पुर्ण रुपमा सञ्चालन गर्ने कुरालाई पारित गर्ने ।

(ङ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु

भएको व्यक्तिहरुको आधारमा भएका मानव अधिकारसंग सम्बन्धित उल्लंघनका घटनाहरुलाई सम्बोधन गर्न सत्यताको खोजि गर्ने संयन्त्रको स्थापना गर्ने र प्रक्रियालाई अगाडी बढाउने ।

(च) व्यक्तिको गोपनियताको अधिकारलाई सम्मान र सुरक्षा गर्दा यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा नियमित मानव अधिकार उल्लंघनको ब्यक्तिगत शिकार भएका र उनीहरुको परिवार, समुदाय र समाज समग्रले सत्यता बुझ्ने अधिकार सुनिश्चत गर्ने ।

(छ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा भएका मानव अधिकार उल्लंघनका कागजपत्र प्रमाणहरु जोगाएर राख्ने र यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा भएको उल्लंघनको सुचना सहितको अभिलेखमा पर्याप्त पहुँच भएको सुनिश्चत गर्ने ।

(ज) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको ईतिहासका सत्य, तथ्य, कारणहरु, प्रकृति र भेदभावका परिणामहरु प्रचार गर्ने र यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुलाई विगतमा गरिएका ब्यवहारहरुको विस्तृत र बस्तुगत जनचेतना जगाउने उद्धेश्यले पाठयक्रममा समावेश गर्न सुनिश्चत गर्ने ।

(झ) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको कारणले अपमानको शिकार हुनु परेको सम्झनामा सार्वजनिक कार्यक्रम, संग्रहालय, र अरु सामाजिक र सांस्कृतिक गतिविधिहरुबाट उत्सव कार्य गर्ने ।

सिद्धान्त

# ३८ अभ्यास, सुरक्षा, र सांस्कृतिक विविधतालाई जोगाएर प्रचलनमा ल्याउने अधिकार

जहाँ अर्न्तराष्ट्रिय मानव अधिकार कानुनको ब्यवस्था मिल्दो छ, ब्यक्तिगत वा अरुसंग सम्बन्धित सबैलाई यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुसंग सम्बन्धित अभ्यास गर्ने, सुरक्षा गर्ने र सांस्कृतिक विविधता, परम्परा, भाषा, धार्मिक कार्य र चाडपर्वलाई जोगाउनु र सांस्कृतिक महत्व भएका स्थानहरुको सुरक्षा गर्नु अधिकार हो । ब्यक्तिगत वा अरुसंग सम्बन्धित सबैलाइ यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुलाई भेदभाव नगरी श्रृजनात्मक कला, बनाएर, प्रचार गरेर, वितरण गरेर, उपभोग गर्ने जुनसुकै प्रविधिको साधन प्रयोग गरेर सांस्कृतिक विविधता देखाउने अधिकार छ । ब्यक्तिगत वा अरुसंग सम्बन्धित सबैलाई यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुलाई भेदभाव नगरी अभ्यास, सुरक्षा, र सांस्कृतिक विविधतालाई जोगाएर प्रचलनमा ल्याउनको लागी खोज्ने, प्राप्त गर्ने, दिने र स्रोतको प्रयोग गर्ने अधिकार छ ।

## राज्यले

(क) बराबरी सम्मान र सबैलाई आदर गर्ने आधारमा सबै यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको अभ्यास, सुरक्षा र सांस्कृतिक अभिब्यक्तिको विविधतालाइ जोगाउने अधिकारको सुनिश्चित गर्ने ।

## अतिरिक्त सुझावहरु

समाजका सम्पूर्ण सदस्यहरु र अन्तर्राष्ट्रिय समुदायहरु मानव अधिकार सुनिश्चित भए नभएको निर्क्यौल गर्न जिम्मेवार हुन्छन् । त्यसैले, हामी यो सिफारिस गर्छौं की:

(क) संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धी उच्चायुक्तको कार्यालयले यी सिद्धान्तहरुलाई पारित गर्नुका साथै विश्ववयापी रुपमा कार्यान्वयन प्रवर्द्धन गर्न र सो कार्यालयले फिल्ड तहसम्मका आफ्ना गतिविधिहरुमा समेत यी सिद्धान्तहरुलाई एकीकृत गर्नुपर्दछ ।

(ख) संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषद्ले यी सिद्धान्तहरुलाई पारित गरी, राज्यले यी सिद्धान्तहरुको अनुशरण गरुन् भन्ने कुरालाई जोड दिंदै, यौन अभिमुखिकरण वा लङ्गीक पहिचानका आधारमा हुने मानव अधिकार उल्लंघनका घटनाहरुलाई यथेष्ट महत्व दिनु पर्दछ ।

(ग) संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्बन्धी विशेष कार्यविधिले यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा हुने मानव अधिकार उल्लंघनका घटनाहरुप्रति यथेष्ट ध्यान पुऱ्याउँदै यी सिद्धान्तहरुलाई आफ्ना निर्दीष्ट कार्यादेशहरुमा एकीकृत गर्दै लैजानुपर्दछ ।

(घ) सन् १९९६ को प्रस्तावना धारा ३१ अनुसार संयुक्त राष्ट्र संघीय आर्थिक, सामाजिक परिषद्ले विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान भएका व्यक्तिहरुको मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने लक्ष्य लिएका गैह्र सरकारी संस्थाहरुलाई मान्यता र ओहदा प्रदान गर्नुपर्दछ ।

(ङ) परीक्षण र Case law मा समेत .............आवश्यकतानुसार व्याख्यात्मक लिखतहरु वा साधारण टिप्पणीहरु विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान भएका व्यक्तिहरुको हकमा मानव अधिकार कानूनहरु लागू गर्दा संयुक्त राष्ट्रसंघीय मानव सन्धी सम्वन्धि निकायहरुले यी सिद्धान्तहरुलाई आफ्ना निर्दीष्ट कार्यादेशको कार्यान्वयनलाई जबरजस्त वा दिगो रुपमा एकीकृत गर्नुपर्दछ ।

(च) विश्व स्वास्थ्य संगठन र UNAIDS ले विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान भएका व्यक्तिहरुको मानव अधिकारको पूर्ण सम्मान गर्दै उनीहरुको आवश्यकतालाई पूर्ति गर्ने प्रयोजनका लागि स्वास्थ्य सेवा र स्याहार सम्बन्धमा निर्देशिकाको विकास गर्नु पर्दछ ।

(छ) संयुक्त राष्ट्रसंघीय शरणार्थी सम्बन्धी उच्चायुक्तले यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा सजाय पाउने वा अन्य यातनाको पीडित हुने बलियो आधार भएका व्यक्तिहरुको संरक्षण गर्नका लागि यी सिद्धान्तहरुलाई एकीकृत गर्नुपर्छ र शरणार्थी स्थिति निर्धारण गर्ने सवालमा वा मानवीय सहायता प्रदान गर्ने सवालमा वा अन्य सेवाहरुको सम्बन्धमा यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानका आधारमा कुनै पनि व्यक्तिलाई भेद्भाव नगरेको कुरा सुनिश्चित गर्नु पर्दछ ।

(ज) मानव अधिकारप्रति प्रतिबद्धता भएका क्षेत्रीय तथा उपक्षेत्रीय अन्तर-सरकारी संगठनहरु र मानव अधिकार सम्बन्धी सन्धिका क्षेत्रीय निकायहरुले तिनीहरुका मानव अधिकारसम्बन्धी संयन्त्रहरु, कार्यविधि तथा अन्य पहल एवम् व्यवस्थाहरुको कार्यादेशको कार्यान्वयनमा यी सिद्धान्तहरु अभिन्न अंगका रुपमा रहेका हुन्छन् भन्ने कुरा सुनिश्चित गर्नु पर्दछ ।

(झ) क्षेत्रीय मानव अधिकार अदालतहरुले मानव अधिकार सन्धिसँग सान्दर्भिक हुने सिद्धान्तहरुलाई उनीहरुले व्याख्याद्वारा यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको सवालमा Case Law (केस ल) विकास गर्नका लागि जोड्दार रुपमा एकीकृत गर्नु पर्दछ ।

(ञ) राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकार सम्बन्धी काम गर्ने गैह्र-सरकारी संगठनहरुले आफ्नो विशेष कार्यादेशको सीमाभित्र रही यी सिद्धान्तहरु प्रतिको सम्मान प्रवर्द्धन गर्नु पर्दछ ।

(ट) मानवीय संगठनहरुले मानवीय वा उद्धार कार्यक्रमको सिलसिलामा यी सिद्धान्तहरुलाई आत्मसात् गर्छ र सहायता र अन्य सेवाहरुको व्यवस्था गर्दा कुनै पनि व्यक्तिलाई यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको आधारमा भेद्भाव हुन नदिने कुरा सुनिश्चित गर्नु पर्दछ ।

(ठ) राष्ट्रिय मानव अधिकार संस्थाहरुले राज्य र गैह्र राज्य पक्षहरुमा यी सिद्धान्तहरुप्रति सम्मानको प्रवर्द्धन गर्नु पर्छ र आफ्नो कामकारवाहमिा विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान भएका व्यक्तिहरुको मानव अधिकार संरक्षण र प्रवर्द्धनलाई एकिकृत गर्नुपर्दछ ।

(ड) विभिन्न पेशागत संगठनहरु जस्तैः स्वास्थ्य, नागरिक, न्यायिक तथा शैक्षिक क्षेत्रले यी सिद्धान्तहरुको कार्यान्वयनको जबरजस्त प्रवर्द्धन सुनिश्चित गर्नका लागि आफ्नो अभ्यासहरु र निर्देशिकाहरु पुनरावलोकन गर्नुपर्दछ ।

(ढ) व्यापारिक संगठनहरुले आफ्नो कार्यबल र राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा यी सिद्धान्तहरुको प्रवर्द्धनका लागि आफ्नो महत्वपूर्ण भूमिका स्वीकार्दै कार्यहरु गर्नु पर्दछ ।

(ण) आम सञ्चारका माध्यमहरुले यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानको सवालमा

पक्षपातपूर्ण (Stereotype) व्यवहारलाई पन्छाउनु पर्छ र विविध मानव यौन अभिमुखिकरण वा लैङ्गीक पहिचानप्रति सहिष्णुता र स्वीकार्य वातावरण प्रवर्द्धन गर्दै यही सवालको वरिपरि जनचेतना जगाउनु पर्दछ ।

त) विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान भएका व्यक्तिहरुको मानव अधिकार संस्थाहरुको प्रवर्द्धन गर्ने गैह्र सरकारी वा अन्य संगठनहरुलाई आर्थिक सहायता दिई सरकारी एवम् व्यक्तिगत दाताहरुले आर्थिक सहायता प्रदान गर्नुपर्दछ ।

समाजका सबै सदस्यहरु र अर्न्तराष्ट्रिय समुदायहरुको मानव अधिकारको बोध गर्ने सम्बन्धमा आ–आफनो उत्तरदायित्वहरु हुन्छन् । यसकारणले हामी अरु सिफारिश गर्दछौ कि:

(क) राष्ट्रिय मानव अधिकार आयोगले उनीहरुको कार्यक्रम र गतिविधिहरुमा यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको मानव अधिकार सवालको सम्बन्धमा कानुनी कार्यवाही गर्ने सुनिश्चित गरेको छ, यी सवालहरुलाई उनीहरुको सम्पुर्ण कार्यहरुमा मुलप्रवाहीकरण गर्ने साथै गुनासोहरु र मानव अधिकार शिक्षाको ब्यवस्थापन गर्ने र विविध यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुलाई उनीहरुको संस्थामा नेतृत्वदायी भुमिकामा र कर्मचारीको रुपमा समावेशीकरणको लागी प्रवर्धन गर्ने ।

(ख) खेलकुदसंग सम्बन्धित संधसंगठनहरुले योगाकार्ता सिद्धान्तहरु (२००६) र यसै अतिरिक्त सिद्धान्तहरु (२०१७) साथै सबै सान्दर्भिक मानव अधिकार नियमहरु र मापदण्डहरुलाई आफनो संधसंगठनहरुको निति र अभ्यासमा एकिकृत गर्ने र विशेष रुपमा तल उल्लेखित बुँदाहरुलाई सम्बोधन गर्नेः

(ख.१) खेलकुद र शारिरीक गतिविधिहरुमा सहभागीताको लागी स्वागतयोग्य स्थानको श्रृजना गर्ने साथै यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको विविध ब्यक्तिहरुको लागी खेलकुदको सन्दर्भमा आफनो लुगाकपडा फेर्न उपयुक्त कोठाको ब्यवस्था गर्ने, यस समुदायका ब्यक्तिहरुलाई भेदभाव विरुद्धको कानुनलाई कार्यान्वयन गर्न ब्यवहारिक कदमहरुको अवलम्बन गर्ने ।

(ख.२) यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको आधारलाई वास्ता नगरी खेलकुदमा भाग लिने सबै ब्यक्तिहरुलाई सहयोग गर्न सुनिश्चत गर्ने, सबै ब्यक्तिहरु विना प्रतिबन्ध भाग लिन समर्थ हुन्छन्, उचित, सापेक्ष र अन्य पक्षलाई चाहेको आवश्यकताहरु बाहेक ब्यक्ति स्वंयले मानेको लैङ्गिकताको आधारमा सहभागीता जनाउनको लागी सुनिश्चित गर्ने ।

(ख. ३) महिला भएर खेलकुदमा सहभागिता जनाउनको लागी बलपुर्वक, बाध्यताले वा अन्य तरीकाले महिला खेलाडीहरुलाई दवाव दिने खालका, अनावश्यक, परिवर्तन हुन नसक्ने र नोक्सानी पुरयाउने चिकित्साका जाँचबुझ, परिक्षणहरु वा कार्यविधिहरु, नितिहरु लेराउन रोक्ने वा यस्ता नितिहरु हटाउने ।

(ख. ४) आम मानिसहरुलाई खेलकुन क्षेत्रमा संलग्न भएका विविध यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको आधारमा सम्मान गर्न प्रोत्साहित गर्ने साथै खेलकुद कार्यक्रममा हुने घृणाका बोलीहरु, सताउने कुरा र हिंसा लाई उन्मुलन गर्ने उपायहरुको अवलम्वन गर्ने ।

यी अतिरिक्त सिद्धान्तहरु, राज्यको दायित्वहरु र सिफारिशहरुले यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिब्यक्ति र यौन विशेषताहरु भएको ब्यक्तिहरुको जिवन र अनुभवहरुमा अर्न्तराष्ट्रिय मानव अधिकार कानुन लागु हुने कुरालाई देखाँउछ, यसमा उल्लेख भएका कुराहरुलाई प्रतिबन्धको रुपमा ब्याख्या गर्नु हुँदैन वा अर्न्तराष्ट्रिय, क्षेत्रिय वा राष्ट्रिय कानुन वा मापदण्डहरुले मान्यता दिएका यस्ता ब्यक्तिहरुको अधिकार र स्वतन्त्रतालाई कुनै पनि हालतमा सिमित गर्नु हुँदैन ।

**यी सिद्धान्त एवम् सिफारिसहरुले अन्तर्राष्ट्रिय मानव अधिकार कानून**को प्रयोगले विविध यौन अभिमुखिकरण वा लैङ्गीक पहिचान भएका व्यक्तिहरुको जीवन तथा अनुभव प्रतिविम्बित गर्दछन् र यहाँ उल्लेखित कुनै पनि कुरालाई राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय कानून र मापदण्डहरुले मान्यता दिँदा त्यस्ता व्यक्तिहरुको स्वतन्त्रतालाई वाधा पुऱ्याउन सीमित गर्न यहाँ उल्लेखित कुनै पनि प्रावधानहरुलाई व्याख्या गरिने छैन ।

## अनुसूची

# जकार्ता सिद्धान्तप्रति हस्ताक्षर गर्नेहरू

- फिलीप आलस्टन (अष्ट्रेलिया) गैह्रकानूनी आमहत्या एवम् मृत्यूदण्डको विषयमा संयूक्त राष्ट्रसंघीय विशेष समाधिक्षक तथा कानूनका प्राध्यापक, न्यूयोर्क विश्वविद्यालय कानून संकाय संयुक्त राज्य अमेरिका

- मेक्सीम आनभेगीचन (मालदोभा) यूरोपियन क्षेत्रीय अन्तराष्ट्रिय महिला र पुरुष समलिङ्गी संगठन

- माउरो क्याबरल (अर्जेन्टीना), अनुसन्धानकर्ता Universidad Nacional de Cordoba, अर्जेन्टीना, अन्तराष्ट्रिय महिला एवम् पुरुष समलिङ्गी मानव अधिकार आयोग

- ऐड्वीन क्यामरन (दक्षिण अफ्रीका), न्यायाधिश, सर्वोच्च पुनरावेदन अदालत, Bloemfontein, दक्षिण अफ्रीका

- सोनिया ओनुफर कोरिया (ब्राजील), सह अनुसन्धानकर्ता, अन्तर Disciplinary (सहयोग) (AIDS) संगठन (ABIA) तथा यौनिक निती परीक्षण (Watch) (विशेषज्ञहरुको बैठकको सह सभापति)

- याकीन एरटर्क (टर्की), महिला विरुद्ध हिंसाको विषयमा संयूक्त राष्ट्रसंघीय विशेष समाधिक्षक, समाज विभागका प्राध्यापक, मीडल ईष्ट प्राविधिक विश्वविद्यालय, अंकारा, टर्की ।

- एलीजाबेथ इभाट (अष्ट्रेलिया), भूतपूर्व अध्यक्ष तथा सदस्य, महिला भेदभाव उन्मूलन सम्बन्धि संयूक्त राष्ट्र संघीय समिति तथा संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगका पूर्व सदस्य तथा अन्तर्राष्ट्रिय न्यायिक आयोगका पूर्व उच्चायुक्त ।

- पल हन्ट (न्यूजील्याण्ड), स्वास्थ्य रहने अधिकार सम्बन्धि संयूक्त राष्ट्र संघीय विशेष

समाधिक्षक, प्राध्यापक, कानून विभाग, एसेक्स विश्वविद्यालय, संयूक्त अधिराज्य ।

- आस्मा जहाँगीर (पाकिस्तान), अध्यक्ष, पाकिस्तानी मान अधिकार आयोग

- मेइना कीयायी (केन्या), अध्यक्ष, केन्याली/केन्या मानव मानव अधिकार आयोग

- मीलुन कोठारी (भारत), पर्याप्त आवसको अधिकार सम्बन्धि संयूक्त राष्ट्र संघीय विशेष समाधिक्षक

- जुडीथ मेस्क्वीता (संयूक्त अधिराज्य) वरिष्ठ अनुसन्धान अधिकृत, मानव अधिकार केन्द्र, एसेक्स विश्वविद्यालय, संयूक्त अधिराज्य

- एलीस एम. मीलर (संयूक्त राज्य अमेरिका), सह प्राध्यापक जन स्वास्थ्य विद्यालय, सह-निर्देशक, मानव अधिकार कार्यक्रम, कोलम्बीया विश्वविद्यालय, संयूक्त राज्य अमेरिका

- सान्जी मास्नोनो मोनागेन्ज (बोत्स्वाना), न्यायाधीश, उच्च न्यायालय, (गाम्बीया गणतन्त्र), मानव तथा जन अधिकार सम्बन्धि अफ्रीकी आयोगका आयुक्त, यातना तथा अन्य अमानविय र अपमानजन्य व्यवहारको रोकथाम तथा निषेधसम्बन्धी रोबन आइल्याण्ड निर्देशिकाहरुको कार्यान्वयन सम्बन्धी अनुगमन समितिका अध्यक्ष (मानव तथा वैयक्तिक अधिकार सम्बन्धी अफ्रिकी आयोग) ।

- भिटिटि मुन्टरबोर्न, थाइल्यान्ड, कोरियाली गणतान्त्रिकमा मानव अधिकारको अवस्था सम्बन्धि संयुक्त राष्ट्र संघिय विशेष समाधिक्षक तथा कानुनका प्राध्यापक, चुलालोङकोर्न विश्वविधालय, थाइल्यान्ड, विशेशज्ञहरुको बैठकको सह अध्यक्ष ।

- लरेन्स म्यूट (केन्या), केन्याली मान अधिकार आयोगका आयुक्त

- म्यान फ्रेड नोवाक (अष्ट्रिया): यातना तथा अन्य क्रूर, अमानविय तथा अपमानजन्य व्यवहार वा सजाय सम्बन्धि राष्ट्र संघीय विशेष समाधिक्षक, अन्तर्राष्ट्रिय न्यायिक आयोगका सदस्य, प्राध्यापक, मानव अधिकार, भीएना विश्वविद्यालय, अष्ट्रिया तथा Ludwig Botzmann मानव अधिकारको संस्थानका निर्देशक

- आना एलीना अबान्डो मेन्डोजा (कोस्टारिका) महिलावादी न्यायाधिवक्ता, मानव अधिकारकर्मी तथा अन्तराष्ट्रिय सल्लाहकार ।

- माइकल ओ' प्लाहर्टी (आयरल्यान्ड), संयूक्त राष्ट्र संघीय मानव अधिकार समिति सदस्य तथा व्यावहारिक मानव अधिकारका प्राध्यापक र नटीङघम विश्वविद्यालय, मानव अधिकार कानून केन्द्रका सह निर्देशक, संयुक्त अधिराज्य (जकार्ता सीद्धान्त विकाशका लागी समाधिक्षक) ।

- सुनील पन्त (नेपाल), ब्लू डायमण्ड सोसाइटी, नेपालका अध्यक्ष

- डाइमीट्रीना पेट्रोभा (बुल्गेरिया), कार्यकारी निर्देशक, द इक्वल राईट्स ट्रष्ट ।

- रुदि मोहम्मद रिज्की (इन्डोनेसीया), अन्राष्ट्रिय सहयोगका लागी संयूक्त राष्ट्र संघीय विशेष समाधिक्षक, तथा, कानुन संकायको शैक्षिक मामिलाका लागि, सह डीन, पादजाजरन विश्वविद्यालय ।

- मेरी रबिन्सन (आयरल्यान्ड) रियलाइजीङ राइट्स का संस्थापक अध्यक्ष तथा, आयरल्यान्डका भुपु राष्ट्रपति तथा, संयुक्त राष्ट्र संघीय मानव अधिकार कार्यालयका लागि भु पु उच्चायुक्त ।

- नेबिना भकोभकि सहोभीक (सर्विया) बालबालिकाको संयूक्त राष्ट्र संघीय मानव अधिकार समितिको सदस्य तथा बालबालिका अधिकार केन्द्र बेलग्रेड, सर्वीयाका अध्यक्ष ।

- मार्टिन शेनिन्, फीनलेन्ड, मानव अधिकार तथा काउन्टर टेररिज्मका संयुक्त राष्ट्र संघीय विशेष समाधिक्षक, संवैधानिक तथा अन्तराष्ट्रिय कानूनका प्राध्यापक तथा मानव अधिकार संस्थानका निर्देशक, आबु एकेडेमी विश्वविधालय, फीनलेन्ड ।

- वान यान्हाई (चाइना), AIZHI, परियोजनाका संस्थापक तथा स्वास्थ्य विज्ञान संस्थान, AIZHIXING, बेइजीङ्गका निर्देशक ।

- स्टीफन व्हीटल (संयुक्त अधिराज्य), समान कानून सम्बन्धी म्यानचेस्टर विश्वविद्यालय,

संयुक्त अधिराज्यका प्राध्यापक ।

- रोमन वेरुज्वेस्की (पोल्यान्ड) सदस्य, संयुक्त राष्ट्र संघिय मानव अधिकार समिती तथा, पोन्जन सेन्टर फर ह्युमन राइट्स, पोल्यान्डका सदस्य ।

- रोबर्ट वीनटीन्यूट (क्यानाडा तथा संयुक्त अधिराज्य), मानव अधिकार कानुनका प्राध्यापक, स्कुल अफ ल, कीङस कलेज, युनाइटेड कीङडम ।

ईल्ज केहेरिस ब्राण्डस (लाटभिया र स्वीडेन), सदस्य, युएन मानव अधिकार समिति, जेष्ठ अनुसन्धान सदस्य, राओल वालेनवर्ग मानव अधिकार तथा मानविय कानुन समिति

डेबोरा ब्राउन (संयुक्त राज्य अमेरिका), प्रगति संचारहरुको संस्था

मोर्गन कारपेन्टर (अष्ट्रेलिया), संस्थापक, Intersex Day Project; सहकार्यकारी निर्देशक, Organization Intersex International Australia; Consultant, GATE

कमला चन्द्रकिराना (ईण्डोनेसिया), Urgent Action Fund For Women's Human Rights-Asia-Pacific; member of the UN Working group on the issue of discrimination against women in law and practice (२०११–२०१७)

पाउल डिलान (संयुक्त अधिराज्य), कार्यकारी निर्देशक, Kaleidoscope Trust

जुलिया एहर्ट (जर्मन), कार्यकारी निर्देशक, Transgender Europe (TGEU)

शेहेरेजाद कारा (संयुक्त अधिराज्य र जिम्बाबे), विशेषज्ञ अन्तर्राष्ट्रिय मानव अधिकार कानुन, वकिल तथा सल्लाहकार

डेभिड काय (संयुक्त राज्य अमेरिका), युएन विशेष सम्बाददाता स्वतन्त्र मत र अभिब्यक्तिको अधिकारको प्रबर्धन र सुरक्षा

एस्टर किसमोदी (हङ्गेरी र स्वीटजरल्याण्ड), वकिल अन्तर्राष्ट्रिय मानव अधिकार

ईलिनोरा ल्याम (अर्जेन्टिना), Huma Rights Director at the Supreme Court of Justice of Mendoza; Member of the National Committee on Ethics in Science and Technologies

भिक्टर म्याड्रिगल बोरलोज (कोष्टारिका), Secretary – General of the International Rehabilitation Council for Torture Victims (IRCT)

मोनिका एमबारु (केन्या), न्यायधिश, रोजगार तथा श्रम सम्बन्ध अदालत

अरबिन्द नाराईन (भारत), Geneva Director, ARC International; Alternative Law Forum (२०००–२०१४)

पुजा पटेल (भारत र स्वीटजरल्याण्ड), LGBT & Women's Rights Programme Manager, International Service for Human Rights (ISHR)

डाईनियिस पुरास (लिथुआनिया), युएन विशेष सम्बाददाता Right of Everyone to the Enjoyment of the Highest Attainable Standard of health

एलेक्स रेसर (स्वीटजरल्याण्ड), प्रमुख कानुनी सल्लाह सेवा, Transgender Network Switzerland; Researcher, Swiss Center of Expertise in Human Rights

सिआनन बी रसेल (संयुक्त राज्य अमेरिका र थाईल्याण्ड), मानव अधिकार तथा वकालत अधिकृत, Asia Pacific Transgender Network

मासरेना साएज (संयुक्त राज्य अमेरिका), मानव अधिकार तथा मानविय कानुन केन्द्र, American University Washington College of Law

मिना सरस्वती शिशु (भारत), सचीव, सम्पदा ग्रामिण महिला संस्था (संग्राम)

अजित प्रकाश शाह (भारत), मुख्य न्यायधिश (२००८–२०१०) दिल्ली उच्च अदालत

क्रिस सिदोती (अष्ट्रलिया), अर्न्तराष्ट्रिय मानव अधिकार विशेशज्ञ, अष्ट्रेलियन मानव अधिकार कमिशनर (१९९५–२०००)

मोनिका तेवेङ्गवा (बोत्स्वाना), कार्यकारी निर्देशक, Pan-Africa ILGA

सिल्भिया तमाले (युगाण्डा), Makerere University Law School

फ्रान्स भिल्जोन (दक्षिण अफ्रिका), प्रोफेसर तथा निर्देशक अर्न्तराष्ट्रिय मानव अधिकार कानुन, मानव अधिकार केन्द्र, कानुन संकाय, प्रेतोरिया विश्वविधालय

किम्बरली जिसलम्यान (संयुक्त राज्य अमेरिका), कार्यकारी निर्देशक, interACT: Advocates for Intersex Youth

joshi33np@yahoo.com
joshi.raj.raju@gmail.com